# विश्वविद्यालय अनुदान आयोग,
# अनुसन्धान अनाचरण उजुर सम्बोधन कार्यविधि, २०७४
# The UGC Procedure for Addressing Allegation of Research Misconduct, 2018

University Grants Commission

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर, नेपाल

२०७४

# विश्वविद्यालय अनुदान आयोग, अनुसन्धान अनाचरण उजुर सम्बोधन कार्यविधि, २०७४

प्रस्तावना - मुलुकको उच्चशैक्षिक तथा अनुसन्धान संस्थाहरूमा हुने अनुसन्धानलाई अनुसन्धान दुराचरणबाट मुक्त राखी उच्च अनुसन्धान सदाचारलाई प्रोत्साहन गर्दै प्राज्ञिक अक्षुण्णता कायम राख्न विश्वविद्यालय अनुदान आयोगले "अनुसन्धान अनाचरणसम्बन्धमा नीति, २०७४" निर्माण गरी लागु गरेकोले सो नीतिको कार्यान्वयनको लागि विश्वविद्यालय अनुदान आयोग ऐन २०५० को दफा ६(घ), (ङ) र (च) को प्रयोजन पुरा गर्ने गरी यो "अनुसन्धान अनाचरण उजुर सम्बोधन कार्यविधि, २०७४" निर्माण गरेको छ ।

## खण्ड १
## प्रारम्भिक

१.१ नाम तथा प्रारम्भ -

- १.१.१ यस कार्यविधिको नाम "अनुसन्धान अनाचरण उजुर सम्बोधन कार्यविधि, २०७४" रहेको छ ।
- १.१.२ यो कार्यविधि आयोगले निर्णय गरी तोकेको मिति देखि लागु हुनेछ ।

१.२ परिभाषा - विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएका निम्न शब्दहरूको परिभाषा निम्न बमोजिम गरिएको छः

- १.२.१ "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्दछ ।
- १.२.२ "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० लाई सम्झनु पर्दछ ।
- १.२.३ "नियमावली" भन्नाले ऐन अन्तर्गत बनेको विश्वविद्यालय अनुदान आयोग नियमावली, २०६० लाई सम्झनु पर्दछ ।
- १.२.४ "कार्यविधि" भन्नाले आयोगको यस "अनुसन्धान अनाचरण उजुर सम्बोधन कार्यविधि, २०७४" लाई सम्झनु पर्दछ ।
- १.२.५ "अनुदान (Grants)" भन्नाले आयोगले आयोगको नीति र कार्यक्रमअनुसार शैक्षिक र अनुसन्धान संस्था, शिक्षक, विद्यार्थी, कर्मचारी, अनुसन्धानकर्ता, संघसंस्था, निकाय, व्यक्ति र करारपक्षलाई प्रदान गरेको अनुदान, वृत्ति, वित्तीय सहयोग, करार, भौतिक सहयोग, परामर्श सेवा लगायतका सबै प्रकारका अनुदान र सहयोगलाई बुझ्नुपर्दछ ।
- १.२.६ "अनुसन्धान (Research)" भन्नाले कुनै पनि शास्त्र, विषय र प्रश्नमा सामान्य ज्ञान (आधारभूत अनुसन्धान) वा विशिष्ट ज्ञान (प्रायोगिक अनुसन्धान) को विकास गर्न वा योगदान पुर्‍याउनको लागि विधिपूर्वक योजना र सञ्चालन गरिएको प्रयोग, अध्ययन, मूल्यांकन, अवलोकन वा सर्वेक्षण भन्ने बुझ्नुपर्दछ ।
- १.२.७ "अनुसन्धान अनाचरणको न्यायप्रक्रिया (Research misconduct proceeding)" भन्नाले अनुसन्धान अनाचरणको उजुरउपर यस कार्यविधि अन्तर्गत चलाइने उजुरको लेखाजोखा, सोधपुछ, छानबिन, ठहर, समीक्षा, पुनरावेदन, सुनुवाइर अन्तिम फैसला लगायतका प्रक्रियालाई बुझ्नुपर्दछ ।
- १.२.८ "अनुसन्धान अभिलेख (research record)" भन्नाले शोधप्रस्ताव, प्रयोगशाला अभिलेख, प्रगतिविवरण, सारांशलेख, शोधप्रबन्ध, मौखिक प्रस्तुति, आन्तरिक रिपोर्ट, शोधलेख लगायतका अभिलेख र यो कार्यविधि अन्तर्गतको न्यायप्रक्रियाको

University Grants Commission

लागि प्रतिउत्तरवालाले अनुसन्धान अभिलेखको रूपमा पेश गरेको सामग्री समेतलाई बुझ्नुपर्दछ ।

१.२.९ "अनुसन्धान आचारसंहिता (The Code of Conduct for Research)"भन्नाले अनुसन्धानमा संलग्न संस्था र व्यक्तिले पालना गर्ने गरी सम्बन्धित विश्वविद्यालय, राष्ट्रिय अनुसन्धान परिषद् वा पेशागत संस्थाले जारी गरेको अनुसन्धानसम्बन्धी छुट्टै आचारसंहिता वा प्राज्ञिक आचारसंहिताको अंगको रूपमा त्यस्तो आचारसंहिता भन्ने बुझ्नुपर्दछ ।

१.२.१० "अनुसन्धान परिषद् (The Research Council)" भन्नाले विश्वविद्यालय अनुदान आयोग अनुसन्धान परिषद् नियमावली, ---- , द्वारा गठित अनुसन्धान परिषद् भन्ने बुझ्नुपर्दछ ।

१.२.११ "अनुसन्धान सदाचार समिति (The Research Integrity Committee)" भन्नाले अनुसन्धान अनाचरणसँग सम्बन्धित मुद्दा र विषयहरूलाई हेर्नको लागि आयोगले विधिवत् स्थापना गरेको समिति वा सो नभएसम्म त्यस्तो जिम्मेवारी पाएको संरचनालाई बुझ्नुपर्दछ ।

१.२.१२ "अनुसन्धान सदाचार कार्यालय (The Office of Research Integrity)" भन्नाले संस्थामा अनुसन्धान सदाचार कायम राख्न र अनुसन्धान अनाचरणको उजुर परेमा सम्बोधन गर्नका लागि संस्थाले विधिवत् स्थापना गरेको निकाय भन्ने बुझ्नुपर्दछ ।

१.२.१३ "अभियोगपत्र (Charge letter)" भन्नाले अनुसन्धान दुराचरणको छानबिनपछि छानबिनबाट प्राप्त निर्क्योल वा न्यायिक निर्णयद्वारा भएको ठहर र प्रशासनिक कारवाहीको निर्णय भएको छ भने सोसमेतको लिखित जानकारी र त्यसमा कुनै संशोधन भएको छ भने सोसमेतको लिखित जानकारीलाई बुझ्नुपर्दछ । कुनै निषेधात्मक वा पदबाट बर्खास्त गर्ने विभागीय कारवाहीको सिफारिश भएको छ भने त्यस्तो कारवाही कार्यान्वयन गर्ने निकाय र आयोगले सँयुक्त अभियोगपत्र प्रस्तुत गर्नसक्नेछन् ।

१.२.१४ "असल मनसाय (Good faith)" भन्नाले उजुरकर्ता वा साक्षीको हकमा आफुले दिएको उजुर वा बकपत्रमा भएको तथ्यको सत्यतामा उजुरकर्ता वा साक्षीको स्थानमा भएको विवेकी मानिसले आफूसँग त्यसबखत भएको सूचनाको आधारमा गर्ने जति विश्वास भएको अवस्था भन्ने बुझ्नुपर्दछ । उजुर वा बयानमा भएको तथ्यलाई खण्डन गर्ने सूचना हुँदाहुँदै पनि त्यसलाई जानीजानी बेवास्ता गरी गरिएको उजुर वा बयानलाई असल मनसायमा नगरिएको मान्नुपर्दछ । यस कार्यविधि अन्तर्गतका समितिका सदस्यको हकमा अनुसन्धान अनाचरणको सम्बोधन प्रक्रिया अन्तर्गतका कर्तव्य निष्पक्षताकासाथ सम्पादन गरी आयोगको उत्तरदायित्व पुरा गराउन सहयोग गर्नु असल मनसाय हो । समिति सदस्यले तोकिएको काम गर्दा वा गर्न छुटाउँदा गैरइमान्दारी भएको वा प्रक्रियामा संलग्न कुनै पक्षसँगको व्यक्तिगत, पेशागत वा वित्तीय स्वार्थ बाझिएको अवस्थालाई असल मनसाय नभएको बुझ्नुपर्दछ ।

१.२.१५ "उजुरकर्ता (Complainant)" भन्नाले अनुसन्धान अनाचरण भएको छ भनी असल मनसायले उजुर दिने व्यक्तिलाई बुझ्नुपर्दछ ।

१.२.१६ "उजुर (Allegation)" भन्नाले सम्भावित अनुसन्धान अनाचरणको बारेमा कुनै पनि माध्यमबाट दिइने सूचना वा उजुर वा सूचनाबाट बन्ने उजुर भन्ने बुझ्नुपर्दछ । यस्तो सूचना वा उजुर लिखित वा मौखिक रूपमा र कुनै पनि सञ्चार विधिबाट दिन सकिनेछ ।

१.२.१७ "छानबिन (Investigation)" भन्नाले तथ्यहरूको औपचारिक अभिलेखीकरण र सो अभिलेखको त्यस्तो छानबिनलाई बुझ्नुपर्दछ जसले कि त अनुसन्धान

University Grants Commission

अनाचरण नभएको ठहर गर्दछ, कि त अनुसन्धान अनाचरण भएको ठहर गरी आवश्यक कारवाहीको सिफारिश गर्दछ ।

१.२.१८ "पुनरावेदन न्यायाधीश(Appeal Judge)" भन्नाले अनुसन्धान अनाचरणको ठहर र प्रशासनिक कारवाहीमा चित्त नबुझ्ने दोषारोपित पक्षको पुनरावेदन सुन्न र त्यसमा निर्णय दिन आयोगले नियुक्त गरेको एक बहालवाला वा पूर्व न्यायाधीश भन्ने बुझ्नुपर्दछ ।

१.२.१९ "प्रतिवादी(Respondent)" भन्नाले अनुसन्धान अनाचरणको दोषारोपण लागेको व्यक्ति वा अनुसन्धान अनाचरणको न्यायप्रक्रियामा प्रतिउत्तर दिने व्यक्ति वा पक्षलाई बुझ्नुपर्दछ ।

१.२.२० "प्रतिशोध (Retaliation)" भन्नाले असल मनसायले पेश गरेको उजुरकै कारणले वा न्यायप्रक्रियालाई असल मनसायले गरेको सहयोगकै कारणले उजुरकर्ता वा साक्षीमाथि क्षति पुग्ने गरी गरिएको कुनै पनि व्यवहारलाई बुझ्नुपर्दछ ।

१.२.२१ "प्रमाण (Evidence)" भन्नाले त्यस्तो दस्तावेज, सामग्री वा बयान हो जसले दोष लगाइएको तथ्यलाई पुष्टि वा खण्डन गर्दछ ।

१.२.२२ "प्रमाणको प्रबलता (Preponderance of the evidence)" भन्नाले कुनै तथ्यको बारेमा जानकारीमा रहेको त्यस्तो बलियो प्रमाण, जसले उपलब्ध विपरीत प्रमाणहरूले अन्यथा प्रमाणित गर्न सक्नेभन्दा अधिक विश्वसनीय ढंगले सो तथ्य साँचो भएको हुनसक्ने सम्भावना पुष्टि गर्दछ ।

१.२.२३ "प्रशासनिक कारवाही (Administrative action)" भन्नाले अनुसन्धान अनाचरणको सन्दर्भमा जनस्वास्थ्य, जनसुरक्षा र सार्वजनिक सम्पत्तिको संरक्षण र अनुसन्धानको प्राज्ञिक अक्षुण्णता कायम राख्ने उद्देश्यले गरिएको आवश्यक आदेश र कारवाही एवं सोको कार्यान्वयनमा बाधा आएमा लिइने कदम र थप कारवाहीलाईसमेत बुझ्नुपर्दछ ।

१.२.२४ "बन्देज वा निलम्बन (Debarment or suspension)" भन्नाले राष्ट्रिय स्तरमा लागु हुने गरी अस्थायी वा निश्चित अवधिको लागि आयोग वा कुनै पनि अनुदानदातृ संस्थाबाट अनुदान र सहयोग नपाउने गरी गरिएको निषेधात्मक प्रशासनिक कारवाहीलाई बुझ्नुपर्दछ ।

१.२.२५ "बन्देज अधिकारी (Debarring official)" भन्नाले बन्देज वा निलम्बनको निर्णय गर्ने अधिकारप्राप्त अधिकारी भन्ने बुझ्नुपर्दछ । आयोगमा सम्पन्न हुने प्रक्रियाको लागि आयोगका सदस्य-सचिवलाई त्यस्तो अधिकार हुनेछ ।

१.२.२६ "व्यक्ति (Person)" भन्नाले व्यक्ति, संगठन, साझेदारी, संघसंस्था, सरकारको एकाई वा कानूनी अंगसमेतलाई जनाउछ ।

१.२.२७ "संस्था (Institution)" भन्नाले नेपालका सबै विश्वविद्यालय र मानित विश्वविद्यालयका आंगिक वा सम्बन्धनप्राप्त शैक्षिक र अनुसन्धान संस्था, आयोगको अनुदान वा कुनै पनि सरकारी अनुदान प्राप्त गरी अनुसन्धान वा प्राज्ञिक क्रियाकलाप गरिरहेका संस्था वा स्वतन्त्र अनुसन्धानकर्तासमेत भन्ने बुझ्नुपर्दछ । संस्थाको उत्तरदायित्व परिपालना गर्ने गराउने सन्दर्भमा सो संस्थालाई प्रतिनिधित्व वा रेखदेख गर्ने उपल्लो संरचनामध्ये जुन संरचनाले त्यस्तो उत्तरदायित्व वहन गर्दछ त्यस सँरचनालाई पनि संस्था भनेर बुझ्नुपर्दछ ।

१.२.२८ "संस्थाका सदस्य (Institutional member)" भन्नाले संस्थामा नियुक्ति वा करारद्वारा आबद्ध भई काम गरिरहेका व्यक्ति भन्ने बुझ्नुपर्दछ । शैक्षिक र अनुसन्धान संस्थाका शिक्षक, अनुसन्धानकर्ता, विद्यार्थी, कर्मचारी, स्वयंसेवक, प्राविधिक, करारकर्ता र तिनका कर्मचारी लगायत व्यक्तिहरूलाई संस्थाका सदस्य बुझ्नुपर्दछ ।

University Grants Commission

१.२.२९ "संस्थागत आश्वासन (Institutional assurance)" भन्नाले संस्थाले संस्थागत परिपालना (Institutional compliance) गर्ने आश्वासन आयोगलाई दिनको लागि तोकिएको ढाँचामा पेश गरेको आश्वासनपत्र भन्ने बुझ्नुपर्दछ ।

१.२.३० "संस्थागत परिपालना (Institutional compliance)"भन्नाले आयोगको अनुसन्धान अनाचरणसम्बन्धमा नीति र अनुसन्धान अनाचरण सम्बोधन कार्यविधिले संस्थाको निम्ति सिर्जना गरेको दायित्व संस्थाले पालना गर्ने कार्यलाई बुझ्नुपर्दछ ।

१.२.३१ "सम्झौता (Agreement)" भन्नाले आयोग र अनुसन्धानकर्ता वा उच्चशैक्षिक एवं अनुसन्धान संस्था बीच भएको अनुदान र सहयोग सम्झौता वा त्यस अन्तर्गत अन्य पक्षसँग उपकरार (Subcontract) भएको अवस्था छ भने त्यसलाईसमेत बुझ्नुपर्दछ ।

१.२.३२ "साना संस्था (Small Institution)" भन्नाले त्यस्ता संस्था भनेर बुझ्नुपर्दछ, जसले यस कार्यविधिको प्रयोजनको निम्ति अनुसन्धान अनाचरणको न्यायप्रक्रिया सञ्चालन गर्न पर्याप्त संसाधन नभएको भनी यस्तो हैसियतको घोषणा विधिपूर्वक अनुसन्धान सदाचार समितिमा पेश गर्दछन् ।

१.२.३३ "सुनुवाइ (Hearing)"भन्नाले अनुसन्धान सदाचार समितिले गरेको न्यायिक निर्णयमा पुनरावेदन परी पुनरावेदन न्यायाधीशले अन्तिम निर्णय गरुञ्जेलको प्रक्रियालाई बुझ्नुपर्दछ ।

१.२.३४ "सूचना (Notice)"भन्नाले लक्षित संस्था वा व्यक्तिलाई सबभन्दा पछिल्लो ज्ञात ठेगानामा हुलाक, इमेल वा अन्य समकक्षी माध्यमबाट वा मान्छे खटाई तामेल गरिने लिखित पत्र भन्ने बुझ्नुपर्दछ ।

१.२.३५ "सूचिकृत जर्नल (Indexed journal)"भन्नाले Web of Science र Scopus जस्ता कुनै प्रतिष्ठित अन्तर्राष्ट्रीय सूचीमा समावेश भएका प्राज्ञिक जर्नल भन्ने बुझ्नुपर्दछ ।

१.२.३६ "सोधपुछ (Inquiry)"भन्नाले यस कार्यविधिको दफा ५.८ देखि ५.९ सम्मको प्रक्रिया अपनाई गरिएको प्रारम्भिक सूचना संकलन र प्रारम्भिक तथ्य ठहर गर्ने कार्यलाई बुझ्नुपर्दछ ।

१.२.३७ "वकिल-झगडिया विशेषाधिकार (Attorny-client privilege)" भन्नाले झगडियाले वकिलसँग परामर्श लिने सिलसिलामा खोलेका वा बोलेका कुराहरू खोल्ने गरी वकिललाई अदालतमा बयान दिन बाध्य पार्न नसकिने विशेष अधिकारलाई बुझ्नुपर्दछ ।

University Grants Commission

## खण्ड २
## सामान्य नीति, उदेश्य, क्षेत्र, व्याख्या एवं समन्वय

२.१ सामान्य नीति -

२.१.१ आयोग, आयोग मातहतका संस्था र आयोगको सरोकारका सरकारी संस्थाबाट प्राप्त अनुदानबाट उच्च शैक्षिक संस्था र अनुसन्धान संस्थामा सञ्चालित अनुसन्धानमा अनुसन्धान दुराचरण गर्नु वा त्यस्तो कार्य नरोक्नु भनेको राष्ट्रिय हित, जनस्वास्थ्य लगायतका सार्वजनिक सुरक्षा, अनुसन्धानको अक्षुण्णता र सार्वजनिक सम्पत्तिको संरक्षणको विरुद्ध हुनेछ ।

२.१.२ आयोग, आयोग मातहतका संस्था र आयोगको सरोकारका सरकारी संस्थाको अनुदान र सहयोगप्राप्त अनुसन्धानको प्राज्ञिक अक्षुण्णता कायम राख्नु आयोग र सबै उच्च शैक्षिक एवं अनुसन्धान संस्थाहरूको साझा दायित्व हुनेछ । अनुसन्धान

अनुदानको दुरूपयोग हुन नदिनु सबै संस्था, अनुसन्धानकर्ता र अधिकारीहरूको सकारात्मक दायित्व हुनेछ । अनुसन्धान दुराचरणको घटनालाई सम्बोधन गर्ने प्राथमिक दायित्व अनुसन्धान कार्य भएको संस्थाको हुनेछ । अनुसन्धान सदाचार कायम राख्न निगरानी गर्ने, संस्थाहरूले शुरू गरेको न्यायिक प्रक्रियामा पहुँच राख्ने र कुनै पनि समयमा सो प्रक्रियालाई आयोगमा स्थानान्तरण गर्ने अधिकार आयोगलाई हुनेछ ।

२.२ उद्देश्य - यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम छन्:

(क) अनुसन्धान अनाचरण सम्बन्धमा आयोगका अंगहरू (अनुसन्धान सदाचार समिति, अनुसन्धान परिषद् र आयोग) र शैक्षिक एवं अनुसन्धान संस्थाहरूको जिम्मेवारी निर्धारित गर्नु;

(ख) अनुसन्धान अनाचरणलाई परिभाषित गर्नु;

(ग) अनुसन्धान अनाचरणको सम्बन्धमा लिन सकिने प्रशासनिक कारवाहीहरू तोक्नु;

(घ) शैक्षिक एवं अनुसन्धान संस्थाहरूलाई उक्त संस्थाहरूले निम्न जिम्मेवारी वहन गर्नको लागि नीति र कार्यविधि बनाउन लगाउनु:

(अ) अनुसन्धान अनाचरणको घटनाको सूचना दिने र उजुरलाई सम्बोधन गर्ने;

(आ) आयोगबाट अनुदान प्राप्त गर्नको लागि संस्थाहरूको दायित्व सुनिश्चित गर्ने ।

(ङ) जनस्वास्थ्य र सार्वजनिक हितको सुरक्षा, अनुसन्धानको अक्षुण्णता र सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु ।

२.३ कार्यविधिको क्षेत्र -

(क) आयोग र अन्य सरकारी निकायबाट वितरण हुने अनुदान प्राप्त गर्ने सबै शैक्षिक र अनुसन्धान संस्थाहरू;

(ख) आयोग र अन्य सरकारी निकायबाट वितरण हुने अनुदान प्राप्त गर्ने सबै अनुसन्धानहरू;

(ग) आयोगबाट अनुदान प्राप्त भए पनि नभए पनि आयोगमा एक पटक अनुसन्धान प्रस्ताव वा प्रतिवेदन पेश गरिएका सबै अनुसन्धानहरू;

(घ) आयोग र अन्य सरकारी निकायबाट वितरण हुने राष्ट्रिय अनुदान प्राप्त गरेका अनुसन्धानबाट प्राप्त कुनै पनि उपलब्धिको कसैबाट बौद्धिक चोरी भएको कार्य;

(ङ) यस कार्यविधिमा जे लेखिएको भए पनि वित्तीय अनियमितता र जनावरप्रतिको कुरता लगायतका आचारसंहिता उल्लङ्घनलाई सम्बोधन गर्ने अन्य कानून र संस्थागत प्रावधान यथावत कायम रहनेछन्;

(च) यस कार्यविधिको क्षेत्रमा नपर्ने अनुदान, अनुसन्धान र संस्थाहरूको निम्ति अनुसन्धान अनाचरणलाई सम्बोधन गर्ने छुट्टै नीति र नियम छ भने त्यसलाई यस कार्यविधिले बाधा पुऱ्याउने छैन ।

२.४ व्याख्याको आधार - यस कार्यविधिको व्याख्या गर्दा सो व्याख्याले जनस्वास्थ्य र जनसुरक्षाको रक्षा गर्नुपर्ने, अनुसन्धानको अक्षुण्णता प्रबर्धन गर्नुपर्ने र सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने आम राष्ट्रिय दायित्व पुरा गरेको हुनुपर्नेछ ।

२.५ अन्य निकायहरूसँग समन्वय -

२.५.१ कुनै अनुसन्धान अनाचरणको मुद्दामा एकभन्दा बढी निकायहरूको न्यायाधिकारक्षेत्र परेमा आयोगले सबै निकायहरूसँग समन्वय र परामर्श गरी कुनै एक निकायलाई प्रमुख भूमिका दिनको लागि व्यवस्था गर्नेछ । आयोगबाहेक अन्य निकाय प्रमुख निकाय निर्धारित भएको अवस्थामा पनि जनस्वास्थ्य, जनसुरक्षा र सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने दायित्व र त्यसको निम्ति आवश्यक कदम चाल्नुपर्ने दायित्व आयोगको हुनेछ ।

University Grants Commission

२.५.२ आयोग बाहेक अन्य निकाय संलग्न भएको अवस्थामा अन्य निकायहरूले तयार गरेको अभिलेख वा प्रमाण आयोगलाई आयोगको कुनै प्रक्रियाको निम्ति उपयोगी हुने लागेमा त्यस्तो अभिलेख वा प्रमाणलाई उद्धृत वा प्रयोग गर्न सकिनेछ । उपयुक्त अवस्थामा आयोग र अन्य निकायले सँयुक्त रूपमा पनि प्रक्रिया अघि बढाउन सक्नेछन् ।

२.६ गोपनीयता -

निष्पक्ष र पूर्ण छानबिन हुन बाधा नहुने गरी र सान्दर्भिक कानूनले दिएको जिम्मेवारीको पालना हुने गरी यथासम्भव सूचनादाता, उजुरकर्ता र दोषारोपित व्यक्तिहरूको परिचय सार्वजनिक गरिनेछैन र कानूनले वा छानबिनको आवश्यकताले नै सूचित गर्नुपर्ने व्यक्ति र अधिकारीलाई मात्र सूचना दिइनेछ । प्रक्रिया सम्पन्न नभएसम्मको अवधिभर संस्था, आयोग वा अन्य निकायसँग भएको अभिलेख अन्य कुनै कानूनले अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक सूचनाको हकबाट मुक्त रहनेछ ।

## खण्ड ३
## अनाचरण र सजाय

३.१ अनुसन्धान सदाचार -

अनुसन्धान सदाचार भन्नाले अनुसन्धानको स्वीकार्य सदाचारको रूपमा विश्वव्यापी प्राज्ञिक समुदायले स्वीकार गरेका इमान्दारी, वस्तुनिष्ठता, अक्षुण्णता, होशियारी, खुलापन, बौद्धिक सम्पत्तिप्रति सम्मान, जवाफदेही प्रकाशन, जवाफदेही प्रशिक्षण, सहकर्मीप्रति सम्मान, सामाजिक उत्तरदायित्व, अभेदभाव, सामर्थ्य, वैधता, जनावरको हेरचाह र अनुसन्धानमा संलग्न व्यक्तिको संरक्षण लगायतका नैतिक मानदण्डको पालनालाई लिनुपर्दछ । हरेक विश्वविद्यालयसँग अनुसन्धान सदाचार लगायत प्राज्ञिक आचारका निर्दिष्ट संहिता (Code of Academic Integrity) हुनुपर्नेछ र विश्वविद्यालय अन्तर्गतका र विश्वविद्यालयका सम्बन्धनप्राप्त सबै संस्थाहरूले सो संहिताको पालना गर्नुपर्नेछ ।

३.२ अनुसन्धान अनाचरण -

अनुसन्धान अनाचरण भन्नाले अनुसन्धानको प्रस्ताव, सञ्चालन, समीक्षा र प्रतिवेदन दिने काम गर्दा जानीजानी गरिएको झुटा विवरण, तोडमरोड र बौद्धिक चोरी कार्य एवं हानिकारक क्रियाकलापलाई बुझ्नुपर्दछ ।

३.२.१ झुटा विवरण (Fabrication) भन्नाले अनुसन्धानको अभिलेख र प्रतिवेदनमा झुटा आँकडा र परिणाम पार्ने कामलाई बुझ्नुपर्दछ ।

३.२.२ तोडमरोड (Falsification) भन्नाले अनुसन्धान सामग्री, उपकरण वा प्रक्रियालाई गलत परिणाम आउने गरी तोडमरोड गर्ने र आँकडा र परिणाम प्रस्तुत गर्दा वास्तविक आँकडा र परिणामलाई लुकाई वा फरक हुने गरी प्रस्तुत गर्ने कामलाई बुझ्नुपर्दछ ।

३.२.३ बौद्धिक चोरी (Plagiarism) भन्नाले अन्य स्रोतको विचार, प्रक्रिया, परिणाम र शब्दहरूलाई उद्धृत गर्दा उक्त स्रोतलाई श्रेय नदिई आफ्नै विचार, प्रक्रिया, परिणाम र शब्दहरू भएको दाबी हुने वा त्यस्तो बुझिने गरी प्रस्तुत गर्ने कामलाई बुझ्नुपर्दछ । आफ्नै पूर्वप्रकाशित कार्य वा कृतिलाई उद्धृत गर्दा श्रेय नदिई नयाँ कार्य वा कृतिको रूपमा प्रस्तुत गर्ने कार्य (self-plagiarism) लाई पनि बौद्धिक चोरी मानिनेछ ।

University Grants Commission

३.२.४ हानिकारक क्रियाकलाप (Harmful activity) भन्नाले अनुसन्धानमा प्रयोग भएका व्यक्ति, प्राणी, वातावरण र सार्वजनिक सम्पत्तिलाई हानि हुने गरी गरिएको कामलाई बुझ्नुपर्दछ ।

३.२.५ अज्ञानतावश भएका भुलचूकहरू र मतभिन्नताहरूलाई अनुसन्धान अनाचरण मानिनेछैन ।

३.३ अनुसन्धान अनाचरणको ठहर - अनुसन्धान अनाचरण ठहरिनको लागि निम्न तीन अवस्थाहरू एकसाथ पुरा भएको हुनुपर्दछः

(क) अनुसन्धानको क्षेत्रसँग सम्बन्धित प्राज्ञिक समुदायमा अवाञ्छित मानिएको काम भएको हुनुपर्दछ;

(ख) अनुसन्धान अनाचरण गर्ने नै नियतका साथ, जानाजानी वा लापरवाही गरी गरेको हुनुपर्दछ;

(ग) अनुसन्धान अनाचरणको आरोपलाई प्रस्तुत प्रमाणहरूको प्रबलताले पुष्टि गरेको हुनुपर्दछ ।

३.४ अनुसन्धान अनाचरण कसूरको गम्भीरता -

३.४.१ अनुसन्धान अनाचरणको कसूरमा प्रशासनिक कारवाही तोक्दा कसूरको गम्भीरताअनुसार प्रशासनिक कारवाहीमा कठोरता अपनाइने गरी गर्नुपर्नेछ ।

३.४.२ अनुसन्धान अनाचरणको कसूरको गम्भीरता निर्धारण गर्दा दफा ३.४.३ मा व्याख्या गरिएअनुसार कसूर र क्षतिको मात्रा र गम्भीरता, र दफा ३.४.४ मा व्याख्या गरिएअनुसार दोषन्यूनक तत्त्वहरू (mitigating factors) तथा दोषवर्धक तत्त्वहरू (aggravating factors) लाई ध्यान दिनुपर्नेछ ।

३.४.३ कसूरको मात्रा र गम्भीरता निर्धारण गर्दा कुनै प्रविधि अपनाएको भए सो प्रविधिको लागि निर्धारित मापदण्डअनुसार र अन्य अवस्थामा सामान्यतया निम्न प्रकारले गर्न सकिनेछः

(क) सामान्य कसूरः

(अ) अनुसन्धान दस्तावेजमा प्राथमिक तथ्यांकहरू बाहेक अन्य खण्डमा आंशिक बौद्धिक चोरीका सामग्री राखेको;

(आ) जोखिमपूर्ण क्रियाकलापमा सामान्य लापरवाही गरेको ।

(ख) मध्यम स्तरको कसूरः

(अ) अनुसन्धान दस्तावेजमा प्राथमिक तथ्यांकहरू (primary data) बाहेक अन्य खण्डमा व्यापक बौद्धिक चोरीका सामग्री राखेको;

(आ) अनुसन्धानमा प्रयोग भएका व्यक्ति, प्राणी, वातावरण र सार्वजनिक सम्पत्तिलाई उल्लेख्य हानि हुने गरी काम गरेको ।

(ग) गम्भीर कसूरः

(अ) अनुसन्धान दस्तावेजमा प्रस्तुत प्राथमिक तथ्यांकहरूमध्ये कुनै वा सबै मौलिक नभई बौद्धिक चोरी गरी प्रस्तुत गरिएको;

(आ) झुटा विवरण (fabrication);

(इ) तोडमरोड कार्य (falsification);

(ई) अनुसन्धानमा प्रयोग भएका व्यक्ति, प्राणी, वातावरण र सार्वजनिक सम्पत्तिलाई गम्भीर हानि हुने गरी काम गरेको वा जनस्वास्थ्य र जनहितमा गम्भीर प्रतिकुल असर पारेको ।

३.४.४ अनुसन्धान अनाचरणमा प्रशासनिक कारवाही निर्धारण गर्ने प्रयोजनको निम्ति कसूरदारको कार्य र व्यवहारमा प्रदर्शन भएका निम्नलिखित लगायतका दोषन्यूनक तत्त्वहरू (mitigating factors) र दोषवर्धक तत्त्वहरू (aggravating factors) लाई ध्यान दिनुपर्नेछः

(क) दोषन्यूनक तत्त्वहरू (mitigating factors):

University Grants Commission

(अ) नियतका साथ वा जानाजानी गरेको नदेखिएको;
(आ) कसूर सकार गरेको;
(इ) न्यायप्रक्रियामा सहयोग गरेको;
(ई) अनुसन्धान अनाचरणको गुरूत्व र गम्भीरताको ज्ञानको र पश्चात्तापको प्रदर्शन गरेको;
(उ) अनुसन्धान अनाचरण सच्याउन र नदोहऱ्याउन कदम चालेको ।

(ख) दोषवर्धक तत्त्वहरू (aggravating factors):
(अ) नियतका साथ, जानाजानी वा लापरवाही गरी गरेको;
(आ) पटके कार्य (pattern) देखिएको;
(इ) उत्तरदायित्व लिन इन्कार गरेको - प्रतिवादीले स्वयंको उत्तरदायित्व इन्कार गरी अरूलाई नै दोष दिएको;
(ई) इबी साधेको - प्रतिवादीले वादी, साक्षी, समितिका सदस्य वा अन्य व्यक्तिलाई इबी साधेको ।

३.५ अनुसन्धान अनाचरण ठहरिएमा हुने सजाय -

३.५.१ अनुसन्धान अनाचरण ठहरिएमा अनुसन्धान सदाचार समितिले दफा ३.५.२ अनुसार सजाय निर्धारित हुने गरी निम्नलिखित लगायतका प्रशासनिक कारवाही तोक्न सक्नेछः
(क) स्पष्टीकरण लिने;
(ख) चेतावनीपत्र दिने;
(ग) क्षमायाचना गर्न लगाउने र दोषपूर्ण अनुसन्धान अभिलेख सच्याउन वा फिर्ता लिन लगाउने;
(घ) नयाँ अनुदान, करार र सम्झौतामा लागु हुने गरी विशेष शर्तपत्र थप्न आदेश दिने;
(ङ) चालु अनुदान, करार र सम्झौतालाई रोक्का वा निलम्बन गर्ने;
(च) चालु अनुदान, करार र सम्झौताको कुनै अंशमा लागु हुने गरी खर्च र क्रियाकलापमा प्रतिबन्ध लगाउने;
(छ) आयोग वा अन्य सरकारी अनुदानदातृ निकायमा गरिएको अनुदान र सहयोगको आवेदनमा विशेष समीक्षा गरिने प्रावधान थप्ने;
(ज) चालु अनुदान, करार र सम्झौतामा सुपरिवेक्षणको विशेष शर्त थप्ने;
(झ) आयोग वा अन्य सरकारी अनुदानदातृ निकायमा गरिएको अनुदान र सहयोगको आवेदनमा प्रामाणिकताको लागि अतिरिक्त प्रमाणपत्र चाहिने प्रावधान थप्ने;
(ञ) अनुदानका लागि आवधिक प्रतिबन्ध लगाउने;
(ट) अनुदानका लागि स्थायी प्रतिबन्ध लगाउने;
(ठ) आयोगलाई परामर्श दिने हैसियतको पदमा बस्न प्रतिबन्ध लगाउने;
(ड) सरकारी कर्मचारीको हकमा सो हैसियतमा कानूनअनुसार थप कारवाही हुने भए सोसमेत ।

३.५.२ कसूरको गम्भीरताअनुसार सजाय निर्धारित गर्नुपर्दा निम्नअनुसार गर्नुपर्नेछ -
(क) दफा ३.४.३(क) अनुसार परिभाषित सामान्य कसूरको लागि दफा ३.५.१ को (क), (ख) र (ग) मध्येबाट कुनै पनि वा सबै सजाय तोक्न सकिनेछ ।
(ख) दफा ३.४.३(ख) अनुसार परिभाषित मध्यम स्तरको कसूरको लागि दफा ३.५.१ को (ग) र (घ) मध्येबाट कुनै पनि वा सबै सजाय तोक्न सकिनेछ ।

University Grants Commission

(ग) दफा ३.४.३(ग) अनुसार परिभाषित गम्भीर कसूरको लागि ३.५.१ को (ग) र (ङ) देखि (ड) सम्मका मध्येबाट कुनै पनि वा सबै सजाय तोक्न सकिनेछ ।

३.५.३ कसूरदारको कार्य र व्यवहारको लेखाजोखा गर्दा दफा ३.४.४ (क) अनुसारको दोषन्यूनक तत्त्वहरू भेटिएमा दोषपूर्ण अनुसन्धान अभिलेख सच्याउन वा फिर्ता लिन लगाउने कारवाही बाहेक अन्य सजायलाई नरम बनाउन सकिनेछ र त्यसो गर्नुपर्दा दफा ३.५.२ अनुसार निर्धारित हुने सजायमध्ये नरम सजाय वा एक तह मुनिको नरम सजाय निर्धारित गर्न सकिनेछ ।

३.५.४ कसूरदारको कार्य र व्यवहारको लेखाजोखा गर्दा दफा ३.४.४ (ख) अनुसारको दोषवर्धक तत्त्वहरू भेटिएमा सजायलाई कडा बनाउन सकिनेछ र त्यसो गर्नुपर्दा दफा ३.५.२ अनुसार निर्धारित हुने सजायमध्ये कडा सजाय वा एक तह माथिको कडा सजाय निर्धारित गर्न सकिनेछ ।

३.५.५ अनुसन्धान अनाचरण ठहरिएमा आयोगले अनुसन्धान अनाचरणको न्यायप्रक्रियामा लागेको खर्च कसूरदारबाट असुलउपर गरिलिने निर्णय गर्नसक्नेछ ।

३.५.६ आयोगका कुनै अंग, संस्थासँग सम्बन्धित अंग वा अन्य नियमनकारी र न्यायिक निकायले अनुसन्धान सदाचार समितिको कारवाहीसँग संयोजन गरेर वा छुट्टै कारवाही गर्न सक्ने अवस्था रहेछ भने सो गर्न सकिनेछ ।

३.५.७ विदेशी वा गैरसरकारी स्रोतबाट अनुदान प्राप्त गरी गरेको अनुसन्धानमा भएगरेको अनाचरणको हकमा अनुदान प्रभावित हुने सजाय निर्धारित भएमा सम्बन्धित अनुदानदातृ संस्थालाई अनाचरणको ठहर र निर्धारित सजायको जानकारी आवश्यक अभिलेखसहित दिनुपर्नेछ ।

## खण्ड ४
## अनुसन्धान सदाचार समिति एवं यसका काम, कर्तव्य र अधिकार

४.१ अनुसन्धान सदाचार समितिको गठन -

४.१.१ विश्वविद्यालय अनुदान आयोगले अनुसन्धान परिषद्को सिफारिसमा एक संयोजक सहित कम्तीमा तीन सदस्यीय अनुसन्धान सदाचार समितिको गठन गर्नेछ ।

४.१.२ अनुसन्धान सदाचार समितिको सदस्य हुनको लागि न्यूनतम योग्यता कुनै विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको र सूचीकृत जर्नलमा कम्तीमा २ वटा मौलिक अनुसन्धानमूलक शोधलेख प्रकाशित गरेको हुनुपर्नेछ ।

४.१.३ अनुसन्धान सदाचार समितिको बैठक आवश्यकताअनुसार संयोजकले आह्वान गरेअनुसार हुनेछ । समितिको बैठक सञ्चालन र निर्णय प्रक्रिया समितिले आफैं निर्धारण गर्न सक्नेछ । समितिको निर्णय सम्पूर्ण सदस्यको बहुमतको आधारमा हुनेछ ।

४.१.४ आयोगको अनुसन्धान महाशाखाले अनुसन्धान सदाचार समितिको सचिवालयको रूपमा काम गर्नेछ ।

४.१.५ अनुसन्धान सदाचार समितिका सदस्यहरूको पारिश्रमिक र सुबिधा आयोगले तोकेअनुसार हुनेछ ।

४.२ अनुसन्धान सदाचार समितिको काम, कर्तव्य र अधिकार -

४.२.१ समीक्षा गर्न सक्ने - अनुसन्धान अनाचरणको उजुर उपर संस्थागत सम्बोधन हुँदै गर्दा वा हुनुअघि वा भइसकेपछि कुनै पनि समय र चरणमा अनुसन्धान

University Grants Commission

सदाचार समितिले सम्बोधन गर्न सक्नेछ । यस्तो सम्बोधन अन्तर्गत निम्नलिखित लगायतका कार्य पर्न सक्नेछः

(क) उजुरको लेखाजोखा (assessment) गर्ने;

(ख) आरोपको विषय यस कार्यविधिको अधिकार क्षेत्रभित्र पर्ने नपर्नेबारे निरूपण गर्ने;

(ग) मुद्दालाई अन्य उपयुक्त निकायमा सोधपुछ वा छानबिनको लागि पठाउने;

(घ) संस्थागत सोधपुछ, छानबिन र ठहरपछि आयोगले पुनः सोधपुछ, छानबिन र ठहर गरी अन्य आवश्यक कदम लिनको लागि सिफारिस गर्ने;

(ङ) आयोग वा अन्य निकायलाई जानकारी दिने वा सहयोगको लागि अनुरोध गर्ने;

(च) संस्थागत ठहर र प्रक्रियाको समीक्षा गर्ने;

(छ) अनुसन्धान अनाचरणको ठहर गरिदिने;

(ज) प्रशासनिक कारवाहीको लागि आयोग, संस्था वा उपयुक्त निकायमा अनुरोध पेश गर्ने ।

४.२.२ जानकारी माग्न सक्ने - अनुसन्धान सदाचार समितिले समीक्षाको लागि संस्था, संस्थाका सदस्य र अन्य व्यक्ति वा स्रोतसँग स्पष्टीकरण, अतिरिक्त सूचना, कागजात, अनुसन्धान अभिलेख र प्रमाण लगायतका विषयमा जानकारी माग्न सक्नेछ ।

४.२.३ प्रशासनिक कारवाहीको अनुमोदन र अन्तिम निर्णय आयोगको अनुसन्धान परिषद्बाट देहाय बमोजिम हुनेछ ।

४.२.३.१ अनुसन्धान अनाचरणको ठहर पछि अनुसन्धान सदाचार समितिले दोषीमाथि प्रशासनिक कारवाहीको लागि अनुसन्धान परिषद्मा प्रस्ताव पेश गरी अनुसन्धान परिषद्बाट अनुमोदन र अन्तिम निर्णय भएपछि सो कारवाहीको कार्यान्वयन अनुसन्धान सदाचार समितिले यस कार्यविधि बमोजिम गराउन सक्नेछ ।

४.२.३.२अनुसन्धान सदाचार समितिले अनुसन्धान महाशाखा वा अन्य सरकारी निकायका अनुदान अधिकारी समक्ष दोषीलाई दिइएको वा दिइने अनुदान रोक्का गर्न वा अन्य उपयुक्त कारवाहीको लागि प्रस्ताव पेश गर्न सक्नेछ ।

४.२.४ अनुसन्धान सदाचार समितिले कुनै पनि समय संस्थाहरूलाई अनुसन्धान अनाचरणको मामिलामा जानकारी, प्राविधिक सहयोग र न्यायप्रक्रियामा परामर्श दिई सहयोग गर्न सक्नेछ ।

४.२.४.१संस्थाको संस्थागत आश्वासनको समीक्षा - संस्थाहरूले यस कार्यविधिको प्रावधानअनुसार बनाएका संस्थागत आश्वासन, नीति र कार्यविधिमा अनुसन्धान सदाचार समितिले समीक्षा गर्न सक्नेछ ।

४.२.४.२ संस्थागत परिपालना - यस कार्यविधि लगायत यससँग सम्बन्धित नीति र कार्यविधिको संस्थागत परिपालनाको बारेमा र अनुसन्धान अनाचरणको न्यायप्रक्रियामा संस्थाको सहभागिताको बारेमा अनुसन्धान सदाचार समितिले समीक्षा, ठहर र आवश्यक कारवाहीको निर्णय गर्न सक्नेछ ।

४.३ परामर्श र अन्तरिम कारवाही -

४.३.१ अनुसन्धान सदाचार समितिले अनुसन्धान अनाचरणको मामिला र सम्बोधन प्रक्रियासँग अन्य कुनै निकायको सरोकार र भूमिका भएको ठानेमा त्यस्ता

University Grants Commission

निकायलाई आवश्यक सूचना दिने वा परामर्श लिने कार्य गर्न सक्नेछ । अनुसन्धान अनाचरणको कार्यमा सार्वजनिक ठगी वा फौजदारी अपराध भएको हुन सक्ने देखिएमा सम्बन्धित न्यायिक, सुरक्षा र अनुसन्धान निकायमा जानकारी दिनुपर्नेछ । ती निकायहरूलाई अनुसन्धान सदाचार समितिले आवश्यक सहयोग र परामर्श दिन सक्नेछ ।

४.३.२ जनस्वास्थ्य वा जनसुरक्षा जोखिममा परेको देखिएमा वा सरकारी अनुदानप्राप्त अनुसन्धान वा अनुसन्धान प्रक्रियाको अक्षुण्णता रक्षा गर्नुपर्ने वा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नुपर्ने देखिएमा अनुसन्धान सदाचार समितिले कुनै पनि समयमा आवश्यक अन्तरिम निर्णय गर्न सक्नेछ ।

४.३.३ अनुसन्धान सदाचार समितिले शोधप्रस्तावको विद्वत् समीक्षा (peer-review) वा मूल्यांकनमा प्रयोग हुने गरी सूचना उपलब्ध गराउनेछैन । तर अनुदानको निर्णय गर्दा अनुसन्धान सदाचार समितिबाट प्राप्त सूचनाको आधारमा गर्न सकिनेछ ।

४.४ मुद्दाप्रक्रियाको समीक्षा तथा ठहर गर्ने -

४.४.१ अनुसन्धान सदाचार समितिले अनुसन्धान अनाचरणको मुद्दाप्रक्रियाउपर समीक्षा गर्नेछ । यस्तो समीक्षामा निम्नलिखित लगायतका कार्यहरू पर्न सक्नेछन्:

(क) मुद्दा आयोगको अधिकारक्षेत्र भित्र पर्ने नपर्ने निर्णय गर्ने;

(ख) मुद्दासँग सान्दर्भिक प्रतिवेदन, संस्थागत ठहर, अनुसन्धान अभिलेख र प्रमाणहरूको संकलन र समीक्षा गर्ने;

(ग) कुनै पनि संस्थाले पुरा गरेको अनुसन्धान अनाचरण सम्बोधन न्यायप्रक्रिया अंग पुऱ्याई गरे नगरेको र वस्तुवादी र विशेषज्ञतासहित पर्याप्त शीघ्रताकासाथ र निष्पक्षताका साथ भए नभएको बारे निर्क्योल गर्ने;

(घ) मुद्दाका उजुरकर्ता, प्रतिवादी, साक्षी र अन्य व्यक्ति एवं स्रोतबाट थप सूचना र सामग्री प्राप्त गर्ने;

(ङ) थप विश्लेषण गर्ने र प्रमाण तयार गर्ने;

(च) अनुसन्धान अनाचरण भएको हो होइन ठहर गर्ने र भएको हो भने कसले गरेको हो निर्क्योल गर्ने;

(छ) अनुसन्धान अनाचरण भएको ठहर भएमा उपयुक्त प्रशासनिक कारवाहीको प्रस्तावसहित फैसला गर्ने;

(ज) समितिले गर्ने समीक्षा अन्तर्गत अन्य बाँकी रहेका काम गर्ने ।

४.४.२ समीक्षा प्रक्रिया पुरा भएपछि अनुसन्धान सदाचार समितिले निम्नलिखित तीनमध्ये एक निर्णय गर्नेछ:

(क) अनुसन्धान अनाचरण भएको नपाइएको ठहर गरी मुद्दा टुङ्ग्याउने;

(ख) अनुसन्धान अनाचरण भएको ठहर गरी न्यायप्रक्रियाको दौरानमा प्राप्त अभिलेख र अन्य सूचनाको आधारमा उपयुक्त प्रशासनिक कारवाहीको प्रस्ताव अनुसन्धान परिषद्मा पेश गरी परिषद्को अनुमोदन प्राप्त गर्ने;

(ग) मुद्दामा मेलमिलाप (settlement) गराउन प्रस्तावसहित अनुसन्धान परिषद्मा सिफारिस पेश गर्ने ।

४.५ अनुसन्धान अनाचरणको फैसला र प्रशासनिक कारवाहीको सूचना प्रतिवादीलाई दिनुपर्ने -

University Grants Commission

४.५.१ अनुसन्धान अनाचरण ठहर भई प्रशासनिक कारवाहीको सिफारिस भएको अवस्थामा यसको सूचना प्रतिवादीलाई अभियोगपत्रसहित दिनुपर्नेछ। अभियोगपत्रमा अनुसन्धान सदाचार समितिले ठहर गरेको आरोपको बेहोरा र त्यसको आधार एवं प्रशासनिक कारवाहीको सिफारिस भएमा सोको बेहोरा समेत समावेश गर्नुपर्नेछ। अभियोगपत्रमा प्रतिवादीले यसै कार्यविधिको खण्ड ६ बमोजिम पाउने पुनरावेदनको अवसरबारे जानकारीसमेत दिनुपर्नेछ। प्रशासनिक कारवाही अन्तर्गत प्रतिवादीको अनुदान रोक्का गर्ने, फिर्ता गराउने वा वर्जित सूचीमा राख्ने निर्णय भएको छ भने सो निर्णयको जानकारी सम्बन्धित अनुदानदातृ निकायमा दिनुपर्नेछ।

४.५.२ प्रतिवादीलाई अभियोगपत्र हुलाकबाट रजिष्टर्ड पत्रको रूपमा वा समितिको आधिकारिक सूचनाकर्ता मार्फत प्रतिवादीको अन्तिम ज्ञात ठेगानामा वा प्रतिवादीको कानूनी प्रतिनिधिको अन्तिम ज्ञात कार्यालयमा पुग्ने गरी तामेल गर्नुपर्नेछ।

४.५.३ प्रतिवादीले अभियोगपत्र बुझेको ३० दिनभित्र दफा ७.३ अनुसारको पुनरावेदन प्रक्रिया शुरू नगरेमा अनुसन्धान सदाचार समितिको निर्णय अन्तिम हुनेछ र प्रशासनिक कारवाहीको सिफारिस गर्ने काम कार्यान्वियन हुनेछ। अनुदान रोक्का गर्ने, फिर्ता गराउने वा वर्जित सूचीमा राख्ने निर्णय भएको छ भने सोको कार्यान्वयनको हकमा अन्तिम निर्णय विश्वविद्यालय अनुदान आयोगको हकमा सदस्य-सचिवले र अन्य अनुदानदातृ संस्थाको हकमा संस्थाकै त्यस्ता अधिकारप्राप्त अधिकारीले गर्नेछ।

४.६ अनुसन्धान सदाचार समितिको अन्तिम कारवाही -
प्रतिवादीले अभियोगपत्र बुझेको ३० दिनभित्र दफा ७.३ अनुसारको पुनरावेदन प्रक्रिया शुरू नगरेमा अनुसन्धान सदाचार समितिको निर्णय अन्तिम हुनेछ र प्रशासनिक कारवाहीको सिफारिस गर्ने काम कार्यान्वियन हुनेछ। अनुदान रोक्का गर्ने, फिर्ता गराउने वा वर्जित सूचीमा राख्ने निर्णय भएको छ भने सोको कार्यान्वयनको हकमा अन्तिम निर्णय विश्वविद्यालय अनुदान आयोगको हकमा सदस्य-सचिवले र अन्य अनुदानदातृ संस्थाको हकमा संस्थाकै त्यस्ता अधिकारप्राप्त अधिकारीले गर्नेछ।

४.७ अनुसन्धान सदाचार समितिले पहल लिन सक्ने -
अनुसन्धान सदाचारलाई प्रोत्साहन गर्ने र अनाचारणलाई रोकथाम गर्ने उद्देश्यले जनचेतना जगाउने, जाँच र अनुगमन गर्ने, परामर्श दिने र नीतिनिर्माणमा सहयोग गर्ने लगायतका कार्यमा सदाचार समितिले पहल लिन सक्नेछ।

University Grants Commission

## खण्ड ५
## संस्थाको दायित्व र प्रक्रिया

५.१ शैक्षिक एवं अनुसन्धान संस्थाको अनुसन्धान दुराचरण रोक्ने जिम्मेवारी - आयोगको अधिकारक्षेत्रभित्र रहेका शैक्षिक तथा अनुसन्धान संस्थाहरूले आयोगबाट वा अन्य कुनै स्रोतबाट प्राप्त गरेको अनुदान, सहयोग वा कुनै रकमबाट स्वयंले गर्ने वा अरू कसैमार्फत गराइने अनुसन्धान कार्य सदाचारयुक्त हुनुपर्दछ।

५.२ शैक्षिक संस्थाका काम, कर्तव्य र अधिकारको व्यवस्था देहाय बमोजिम हुनेछन्:

५.२.१ संस्थासँग आयोगको अनुसन्धान सदाचारसम्बन्धी नीतिले तोकेअनुसार संस्थामा अनुसन्धान सदाचार कायम राख्न र अनुसन्धान अनाचरणसम्बन्धी उजुर परेमा त्यसको प्रारम्भिक लेखाजोखा, सोधपुछ, छानबिन र फैसलासम्मको न्यायप्रक्रिया सम्पन्न गर्न अनुसन्धान अनाचरणसम्बन्धमा नीति तथा अनुसन्धान अनाचरणको

उजुर सम्बोधन कार्यविधि र अनुसन्धान सदाचार कार्यालय (The Office of Research Integrity) लगायत अन्य आवश्यक संरचनासहितको व्यवस्था हुनुपर्नेछ ।

५.२.२ अनुसन्धान अनाचरणको उजुरलाई पूर्ण, सक्षम, वस्तुवादी र निष्पक्ष तरीकाले सम्बोधन गर्नुपर्दछ र यस्तो न्यायप्रक्रिया सञ्चालन गर्ने व्यक्तिमा उजुरकर्ता, साक्षी र प्रतिवादीसँग व्यक्तिगत, पेशागत वा वित्तीय स्वार्थ बाझिएको हुन नहुने कुरामा सावधानी अपनाउनुपर्छ ।

५.२.३ शैक्षिक संस्थाका काम, कर्तव्य र अधिकार देहाय लगायतका हुनेछन्:

(क) जिम्मेवार अनुसन्धान आचरण, अनुसन्धान सञ्चालन, तालिम र अनुसन्धानसँग सम्बन्धित क्रियाकलाप प्रोत्साहित हुने, अनुसन्धान अनाचरण दुरुत्साहित हुने र सम्भावित अनुसन्धान अनाचरणलाई तुरुन्तै सम्बोधन गर्नसक्ने वातावरण बनाई राख्ने;

(ख) असल मनसायका उजुरकर्ता, साक्षी र समितिका सदस्यहरूको पद र प्रतिष्ठा सुरक्षित रहन दिन र प्रतिवादी र अन्य व्यक्तिबाट कुनै प्रतिशोध कार्य हुन नदिन आवश्यक पर्ने सबै उचित र व्यावहारिक कार्य गर्ने;

(ग) सबै प्रतिवादी, उजुरकर्ता र अनुसन्धानका व्यक्तिलाई यस कार्यविधिको दफा २.६ ले प्रदान गर्ने गोपनीयताको हक प्रत्याभुत गर्ने;

(घ) मुद्दा प्रक्रियामा आवश्यक सूचना, अनुसन्धान अभिलेख र प्रमाण उपलब्ध गराउन प्रतिवादी र संस्थाका सबै सदस्यहरूको सहयोग पाउने अवस्था सिर्जना गर्न आवश्यक सबै उचित र व्यावहारिक कार्य गर्ने;

(ङ) आयोगले मुद्दा प्रक्रिया सञ्चालन गर्दा वा संस्थागत परिपालना (Institutional compliance) को समीक्षा गर्दा सघाउने;

(च) आयोगका निर्णय कार्यान्वयन गर्न गराउन सहयोग गर्ने;

(छ) संस्थागत परिपालनाको आश्वासन (Institutional assurance)लाई क्रियाशील राख्ने ।

५.३ संस्थागत आश्वासन (Institutional assurances)-

५.३.१ सामान्य नीति - आयोगबाट अनुदान र सहयोग लिने संस्थाले आयोगको अनुसन्धान अनाचरण नीति र यो कार्यविधिका प्रावधानहरू पालना गर्ने आश्वासनपत्र साथमा राख्नुपर्नेछ । यस्तो आश्वासनपत्र भएका संस्थालाई मात्र अनुदान दिने र आश्वासनपत्र नभएका संस्थालाई कुनै वा सबै अनुदान नदिने अधिकार आयोगलाई हुनेछ ।

५.३.२ संस्थागत आश्वासन - संस्थाको तर्फबाट संस्थाका जिम्मेवार अधिकारीले निम्न आश्वासन दिनुपर्नेछः

(क) संस्थासँग अनुसन्धान अनाचरणको घटनालाई सोधपुछ र छानबिन गर्ने लिखित नीति र कार्यविधि हुनेछ जुन आयोगको यस्तो नीति र यस कार्यविधि अनुरूप हुनेछ ।

(ख) संस्थाले आफ्ना नीति र कार्यविधि तथा यस कार्यविधिको पालना गर्नेछ ।

५.४ संस्थागत परिपालना (Institutional compliance) गरेको मानिने अवस्था -

५.४.१ संस्थाहरूले निम्नलिखित अवस्था कायम राखेमा संस्थाले आश्वासनको संस्थागत परिपालना गरेको मानिनेछः

(क) आयोगको अनुसन्धान अनाचरण नीति र कार्यविधिसँग मिल्ने गरी नीति र कार्यविधि स्थापित गरी, त्यसको परिपालना गर्ने र त्यस्तो नीति र कार्यविधि आयोग वा कुनै पनि सरोकारवालाले अनुरोध गरेको समयमा उपलब्ध गराउने;

University Grants Commission

(ख) दफा ५.२ अनुरूप हुने गरी संस्थामा अनुसन्धान सदाचार कायम राख्न संस्थामा कार्यरत सबै अनुसन्धानकर्तालाई संस्थाको र आयोगको अनुसन्धान अनाचरण नीति र सम्बोधन कार्यविधिबारे सुसूचित बनाइराख्ने र ती नीति र कार्यविधिको परिपालना गराइराख्ने ।

५.४.२ वार्षिक प्रतिवेदन - संस्थाले संस्थाको सान्दर्भिक गतिविधि र आयोगको अनुसन्धान सदाचार समितिले तोकेको विवरण र दस्तावेजसहितको वार्षिक प्रतिवेदन समितिलाई बुझाउनुपर्नेछ ।

५.४.३ अन्य सूचना - कुनै मुद्दा वा सान्दर्भिक विषयमा अनुसन्धान सदाचार समितिले अनुरोध गरेको सूचना संस्थाले समितिलाई दिनुपर्नेछ ।

५.५ साना संस्था (Small institution) द्वारा परिपालना -

५.५.१ अनुसन्धान अनाचरणको न्यायप्रक्रिया सञ्चालन गर्न पर्याप्त स्रोत र साधन नभएका साना संस्थाहरूले दफा ५.२ र ५.६ अनुरूप हुने गरी संस्थाको छुट्टै अनुसन्धान अनाचरण नीति र सम्बोधन कार्यविधि बनाउनुको सट्टा आयोगको अनुसन्धान सदाचार समितिमा “साना संगठनको हैसियत घोषणा”(Small Organization Statement) पेश गर्न सक्नेछन् ।

५.५.२ “साना संगठनको हैसियत” पेश गरेका संस्थाले अनुसन्धान अनाचरणको सम्पूर्ण उजुर आयोगको अनुसन्धान सदाचार समितिमा पेश गर्नुपर्नेछ । आयोगको अनुसन्धान सदाचार समितिले संस्थासँग मिलेर यस कार्यविधि अनुरूप हुने गरी उपयुक्त न्यायप्रक्रिया निर्धारण गर्नेछ ।

५.५.३ संस्थाले “साना संगठनको हैसियत घोषणा” पेश गरेतापनि यस कार्यविधिका सम्पूर्ण प्रावधान पालना गर्नुपर्नेछ ।

५.६ संस्थाले लिनुपर्ने नीति र प्रक्रिया - संस्थाहरूको संस्थागत आश्वासनलाई आयोगद्वारा प्रमाणित गर्न चाहने संस्थाहरूले निम्नलिखित कार्यहरूको लागि लिखित नीति र कार्यविधि स्थापित गरेको हुनुपर्दछ:

(क) यस कार्यविधिको दफा २.६ बमोजिम उजुरकर्ता, प्रतिवादी र अनुसन्धानमा संलग्न व्यक्तिहरूको गोपनीयताको संरक्षण गर्ने;

(ख) मुद्दाको सबै अङ्ग पुर्‍याइएको, विशेषज्ञतापूर्ण, वस्तुवादी, निष्पक्ष र अविलम्बित सम्बोधन गर्ने र त्यसको लागि न्यायप्रक्रियामा संलग्न व्यक्तिहरूको मुद्दाका पक्ष र साक्षीहरूसँग कुनै प्रकारको व्यक्तिगत, पेशागत र वित्तीय स्वार्थ बाझिएको हुन नहुने;

(ग) सरोकारवालालाई समयमै सूचना दिने;

(घ) संस्थाले छानबिन गर्ने निर्णय गरेमा निर्णय गर्दा वा त्यस अघि नै आयोगको अनुसन्धान सदाचार समितिलाई सूचना दिने;

(ङ) संस्थाले गरेको सोधपुछको प्रतिवेदन उपर प्रतिवादीलाई लिखित टिप्पणी पेश गर्ने अवसर दिने;

(च) संस्थाले गरेको छानबिनको प्रतिवेदनको मस्यौदा उपर प्रतिवादीलाई लिखित टिप्पणी पेश गर्ने अवसर दिने र प्राप्त टिप्पणीलाई सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार गर्ने;

(छ) यस कार्यविधिको दफा ५.७ अनुरूप हुने गरी अनुसन्धान अभिलेख र प्रमाणहरूको प्रयोग र संरक्षण गर्ने;

(ज) जनस्वास्थ्य, सरकारी सम्पत्ति र अनुसन्धान सदाचारको संरक्षण गर्न आवश्यक पर्नसक्ने अन्तरिम संस्थागत कार्यव्यवस्था तयार राख्ने र त्यस्तो व्यवस्था कार्यान्वयन गरेको अवस्थामा दफा ५.१६ अनुसार अनुसन्धान सदाचार समितिलाई अविलम्ब त्यसको सूचना दिने;

University Grants Commission

(झ) अनुसन्धान अनाचरण ठहर भएको अवस्थामा गरिने प्रशासनिक कारवाहीको व्यवस्था गर्ने;

(ञ) अनुसन्धान अनाचरण ठहर नभएको अवस्थामा अभियोग लागेका व्यक्तिको प्रतिष्ठाको पुन:स्थापना गर्नुपर्ने भएमा आवश्यक र व्यावहारिक सबै कदम उठाउने;

(ट) न्यायप्रक्रियामा संलग्न सबै पक्ष र व्यक्तिहरूको प्रतिष्ठा र पेशागत हितको संरक्षण गर्न र कुनै प्रकारको संभावित प्रतिकारको अवस्था आउन नदिन आवश्यक र व्यावहारिक सबै कदम उठाउने;

(ठ) मुद्दाको ठहर प्रक्रिया र त्यसपछिका यस कार्यविधिको खण्ड ४ अनुसार हुने फैसला र समीक्षा प्रक्रिया तथा खण्ड ५ अनुसार हुने पुनरावेदन प्रक्रियामासमेत पूर्ण र निरन्तर सहयोग गर्ने । यस्तो सहयोग अन्तर्गत संस्थासँग उपलब्ध प्रमाण उपलब्ध गराउने र प्रमाण तयार गर्नको लागि अधिकारप्राप्त अधिकारीलाई आवश्यक सबै पहुँच दिनुपर्ने जिम्मेवारी पर्दछन् ।

५.७ अनुसन्धान अभिलेख र प्रमाणहरूको सुरक्षा - संस्थाहरूले अनुसन्धान अनाचरणको मुद्दासँग सम्बन्धित अनुसन्धान अभिलेख र प्रमाणहरूको सुरक्षा गर्न र सुरक्षित तरीकाले प्रयोग गर्नको निम्ति निम्न कार्यहरू गर्नेछन्:

५.७.१ अनुसन्धान अनाचरणको सोधपुछ वा छानबिन सँगसँगै वा अगावै सम्बन्धित अनुसन्धान अभिलेख र प्रमाणहरू नियन्त्रणमा लिएर सूची (inventory) तयार गरी नष्ट नहुने किसिमले सुरक्षित राख्नुपर्नेछ । अन्य अनुसन्धानकर्ताले प्रयोग गर्नु नपर्ने उपकरण प्रमाणको रूपमा छ भने सो नियन्त्रणमा लिई राख्नुपर्नेछ । अन्य अनुसन्धानकर्ताले प्रयोग गरिरहन पर्ने उपकरणको हकमा प्रमाणको रूपमा रहेको अवस्था वा अभिलेखको प्रमाणित प्रतिलिपि सुरक्षित राखी उपकरण अन्य प्रयोगको लागि उपलब्ध गराउन सकिनेछ ।

५.७.२ प्रतिवादीलाई प्रमाणको रूपमा प्रयोग हुने अभिलेखको प्रतिलिपि वा मनासिब र व्यावहारिक भएमा मूल सामग्री नै सुपरिवेक्षणकासाथ हेर्ने अवसर दिनुपर्छ ।

५.७.३ अनुसन्धान अनाचरणको न्यायप्रक्रियाको क्रममा प्रमाणको रूपमा देखिएका नयाँ अभिलेख र प्रमाणको हकमा पनि दफा ५.७.१ र ५.७.२ को प्रावधान लागु हुनेछ ।

५.७.४ अनुसन्धान अभिलेख र प्रमाणलाई दफा ६.९ अनुसार संरक्षित गर्नुपर्नेछ ।

५.८ संस्थागत नियमको परिपालना नगर्ने संस्थाको हकमा निर्णय गर्ने प्रक्रिया -

५.८.१ संस्थाहरूले संस्थामा सञ्चालित हुने अनुसन्धान कार्यमा अनुसन्धान अनाचरणलाई दुरूत्साहित गर्ने वातावरण र अनुसन्धान अनाचरण भएको खण्डमा तत्काल सम्बोधन गर्न सकिने अवस्था कायम राख्नु पर्नेछ ।

५.८.२ संस्थाहरूले आयोगको अनुसन्धान अनाचरण नीति, निर्देशिका र यो कार्यविधिको परिपालनामा बेवास्ता, असमर्थता वा अनिच्छा देखाएमा अनुसन्धान सदाचार समितिले त्यस्ता संस्थाहरूलाई संस्थागत परिपालना नगर्ने संस्थाको सूचीमा राख्न सक्नेछ । यस्तो कदमको लागि अनुसन्धान सदाचार समितिले निम्नलिखित लगायतका अवस्थालाई ध्यान दिनुपर्नेछ:

(क) संस्थाले आयोगको नीति, निर्देशिका र कार्यविधि बमोजिमको नीति र कार्यविधि स्थापित गरे नगरेको वा पालना गरे नगरेको;

(ख) अनुसन्धान अनाचरणको उजुर वा सूचना प्राप्त हुँदा उचित सम्बोधन गरे नगरेको;

(ग) अनुसन्धान अनाचरणको मुद्दा सम्बोधन गर्दा त्यसको सूचना र प्रतिवेदन अनुसन्धान सदाचार समितिलाई उपलब्ध गराएको नगराएको;

University Grants Commission

(घ) अनुसन्धान अनाचरणको मुद्दामा अनुसन्धान सदाचार समितिले सञ्चालन गरेको प्रक्रियामा अनुसन्धान सदाचार समितिले अनुरोध गरेअनुसारको सहयोग गरे नगरेको;

(ङ) अनुसन्धान अनाचरणको उजुर वा सम्बोधनमा प्रतिकुल असर पर्ने कुनै कार्य गरे नगरेको वा गर्न छुटाएको नछुटाएको ।

५.९ संस्थागत परिपालना नगरेको खण्डमा -

५.९.१ संस्थाले संस्थाको आश्वासनको परिपालना नगरेमा र यो कार्यविधिले तोकेको प्रावधान पालना नगरेमा अनुसन्धान सदाचार समितिले त्यस्तो परिपालना पालना गराउन बाध्यकारी कारवाही (enforcement action) गर्न सक्नेछ ।

५.९.२ संस्थाको प्राविधिक क्षमताको कमीको कारणले मात्र परिपालना पूर्ण हुन नसकेको अवस्थामा र प्राविधिक सहयोग प्राप्त भएको खण्डमा परिपालना पूर्ण हुने अवस्था देखिएमा अनुसन्धान सदाचार समितिले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

५.९.३ अन्य कारणले संस्थाले परिपालना पुरा नगरेको खण्डमा अनुसन्धान सदाचार समितिले निम्नलिखितमध्ये केही वा सबै कारवाही गर्न सक्नेछः

(क) चेतावनीपत्र जारी गर्ने;

(ख) अनुसन्धान अनाचरणको मुद्दा अनुसन्धान सदाचार समितिले हेर्ने गरी आदेश जारी गर्ने;

(ग) संस्थालाई विशेष समीक्षा सूची (special review status) मा राख्ने

(घ) संस्थाले परिपालना नगरेको सूचना सार्वजनिक गर्ने;

(ङ) संस्थालाई दोषनिवारक कार्य गर्न आदेश दिने;

(च) संस्थालाई अनुसन्धान सदाचार समितिसँग संस्थागत सदाचार सम्झौता (institutional integrity agreement) गर्न लगाई त्यसलाई लागु गर्न आदेश दिने;

(छ) संस्थालाई वर्जित सूचीमा राख्न सिफारिस गर्ने;

(ज) अवस्थाअनुसार अन्य आवश्यक कारवाही ।

५.९.४ संस्थाले परिपालनाको उल्लङ्घन बारम्बार गरेको खण्डमा अनुसन्धान सदाचार समितिले यसै कार्यविधिको दफा ५.३ र ५.५ अनुसार संस्थाको आश्वासन रद्द गर्न सक्नेछ ।

५.९.५ संस्थागत परिपालनाको उल्लङ्घन र त्यससँग सम्बन्धित कारवाहीको सूचना सार्वजनिक गर्न सकिनेछ ।

University Grants Commission

## खण्ड ६
## उजुर, सोधपुछ, छानबिन र फैसला

६.१ अनुसन्धान दुराचरणको उजुर प्राप्त गर्ने -अनुसन्धान अनाचरणको उजुर सम्बन्धित संस्थाको अनुसन्धान सदाचार कार्यालयमा वा विश्वविद्यालय अनुदान आयोगको अनुसन्धान सदाचार समितिमा दिन सकिनेछ । उजुर प्राप्त गरी प्रारम्भिक लेखाजोखा र त्यसको आधारमा न्यायप्रक्रिया शुरू गर्ने कार्यविधि देहाय बमोजिम हुनेछः

६.१.१ विश्वविद्यालय अनुदान आयोगको अनुसन्धान सदाचार समितिले अनुसन्धान अनाचरणको उजुर प्राप्त गर्न सक्ने - अनुसन्धान अनाचरण सम्बन्धमा कुनै उजुर वा सूचना आयोगको अनुसन्धान सदाचार समितिमा सिधै प्राप्त भएमा वा अन्यत्र उजुर परी तहाँबाट आयोगमा पठाइएमा वा कुनै संस्थामा परेको उजुर र संस्थाले

प्रक्रिया शुरू गरेको अवस्थामा त्यस्तो प्रक्रियासमेत आयोगको अनुसन्धान सदाचार समितिलाई आयोगमै सञ्चालन गर्न उपयुक्त हुने लागेमा आयोगमा मगाई अनुसन्धान सदाचार समितिले अनुसन्धान अनाचरणको मुद्दा दर्ता गरी यसै खण्ड ६ अनुसारको कार्यविधि प्रयोग गरी फैसला सम्मको न्यायप्रक्रिया पुरा गर्नेछ ।यस प्रयोजनको निम्ति यस खण्डमा संस्थाको अनुसन्धान सदाचार कार्यालय र आयोगको अनुसन्धान सदाचार समितिको लागि तोकिएका दुवै कार्यहरू आयोगको अनुसन्धान सदाचार समितिले गर्ने गरी समायोजन गर्नुपर्नेछ ।

६.१.२ संस्थाको अनुसन्धान सदाचार कार्यालयले अनुसन्धान अनाचरणको उजुर प्राप्त गर्न सक्ने - संस्थाले संस्थामा प्राप्त भएका सूचना वा उजुरको आधारमा वा विश्वविद्यालय अनुदान आयोगमा त्यस्तो सूचना वा उजुर प्राप्त भई आयोगले संस्थामा पठाउने निर्णय गरी पठाएका सूचना, उजुर वा निर्देशनको आधारमा अनुसन्धान अनाचरणको उजुर दर्ता गरी दफा ५.२.१ मा निर्दिष्ट भएअनुसारको संरचना र कार्यविधि प्रयोग गरी देहाय बमोजिम प्रक्रिया शुरू गर्न सक्नेछ ।

६.१.३ प्राप्त भएको उजुरमा अनुसन्धान सदाचार कार्यालय/समितिले सर्वप्रथम उजुरमा उल्लिखित मामिला अनुसन्धान अनाचरणको परिभाषा, दफा २.३ अनुसारको आयोगको अधिकारक्षेत्र र यस कार्यविधि अन्तर्गत पर्छ पर्दैन निर्क्योल गर्नेछ । त्यसपछि आरोप पर्याप्त मात्रामा विशिष्ट (specific), आवश्यक प्रमाण जुट्न सक्ने र सोधपुछ प्रारम्भ गर्न पर्याप्त अवस्थाको भए नभएको निर्क्योल गर्नेछ । यस्तो निर्क्योलको लागि आरोपसँग सान्दर्भिक र सहज उपलब्ध सूचना संकलन गरी समीक्षा गर्न सकिनेछ ।

६.१.४ सोधपुछको लागि पर्याप्त अवस्था रहेको निर्क्योल भएको खण्डमा अनुसन्धान सदाचार कार्यालय/समितिले उजुरलाई उपयुक्त निकाय वा संस्थामा पठाउनेछ वा आफैँले यस कार्यविधिअनुसार सम्बोधन प्रक्रिया शुरू गर्नेछ ।

६.१.५ सोधपुछको लागि पर्याप्त अवस्था नरहेको निर्क्योल भएको खण्डमा अनुसन्धान सदाचार कार्यालय/समितिले यो मामिलालाई बन्द गर्नेछ । उजुरको मामिलालाई अन्य निकायमा पठाउन आवश्यक भएमा त्यस्तो निकायमा पठाउनेछ । सोधपुछको लागि पर्याप्त अवस्था नरहेको निर्क्योल भएमा दफा ६.४.३ बमोजिम त्यसको अभिलेखीकरण गरी अभिलेख सुरक्षित राख्नेछ ।

६.१.६ उजुर गर्ने म्याद

६.१.६.१ यस कार्यविधिको दफा २.३ मा तोकिएअनुसारको अधिकारक्षेत्रमा पर्ने संस्था वा व्यक्तिले दफा ३.२.१, ३.२.२ र ३.२.३ ले परिभाषित गरेको अनुसन्धान अनाचरणको विरुद्ध उजुर वा सूचना दिनका लागि समयको हदबन्दी हुनेछैन । दफा ३.२.४ ले परिभाषित गरेको अनुसन्धान अनाचरणको हकमा अनाचरण भएको ६ वर्ष भित्र उजुर वा सूचना दिइसक्नुपर्नेछ । निम्नलिखित अवस्थामा ६ वर्षे हदम्याद लागु हुनेछैन:

(क) एकभन्दा बढी पटक दोहोरिएको अनुसन्धान अनाचरण;

(ख) जनस्वास्थ्य वा जनसुरक्षामा असर परेको हुनसक्ने ।

६.१.६.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट ६ वर्ष अघिसम्मको अवधिभित्र कुनै संस्था वा आयोगमा परेको र किनारा नलागेको उजुरलाई यो कार्यविधि अन्तर्गत सम्बोधन गर्न सकिनेछ ।

६.१.७ अनुसन्धान अनाचरणको न्यायप्रक्रिया संस्था बाहिरका व्यक्ति वा संस्थाद्वारा गराउन सकिने

६.१.७.१ अनुसन्धान अनाचरणको न्यायप्रक्रिया संस्था बाहिरका योग्य र सक्षम विशेषज्ञ, विशेषज्ञमण्डल वा संस्थाद्वारा गराउन सकिने छ ।

University Grants Commission

६.१.७.२ बाहिरका विशेषज्ञमण्डल वा संस्थाबाट न्यायप्रक्रिया सञ्चालन गर्दा आयोगको अनुसन्धान अनाचरण नीति र सम्बोधन कार्यविधि अनुरूप हुनेगरी गर्नुपर्नेछ ।

६.२ सोधपुछ (Inquiry)-

६.२.१ निम्नलिखित अवस्थामा सोधपुछ गर्न सकिनेछः

६.२.१.१ यस कार्यविधिले परिभाषित गरेको अनुसन्धान अनाचरणभित्र पर्ने आरोप भएको;

६.२.१.२ दफा २.३ ले व्याख्या गरेको अधिकार क्षेत्रभित्र पर्ने;

६.२.१.३ अनुसन्धान अनाचरण भएको प्रमाण जुटाउन सकिने सम्भावना देखिने गरी यथेष्ट रूपमा विश्वसनीय र निश्चित आरोप भएको ।

६.२.२ प्रतिवादीलाई सूचना दिने र अनुसन्धान अभिलेख नियन्त्रणमा लिने - सोधपुछको लागि सोधपुछको समयमा वा अगावै प्रतिवादीलाई लिखित रूपमा जानकारी दिने प्रयास गर्नुपर्नेछ । सोधपुछपछि थप प्रतिवादी देखिन आएमा उनीहरूलाई पनि लिखित सूचना दिनुपर्नेछ । अनुसन्धान अनाचरणको उजुर आई प्रतिवादीलाई सूचना जानु अगावै वा सोधपुछ पछि न्यायप्रक्रियामा प्रमाणको रूपमा आउन सक्ने अभिलेख र प्रमाणलाई नियन्त्रणमा लिई, सूची बनाई सुरक्षित रूपमा राख्नुपर्नेछ । प्रमाणको रूपमा आउन सक्ने उपकरणको हकमा अरू कसैले प्रयोग गर्नुपर्ने नभएमा आवश्यकताअनुसार नियन्त्रणमा राख्ने वा प्रमाणको रूपमा आउन सक्ने अभिलेखको प्रमाणित प्रतिलिपि मात्र सुरक्षित राखी उपकरण अरूको प्रयोगको लागि उपलब्ध गराउन सकिनेछ ।

६.२.३ प्रमाणको समीक्षा - सोधपुछको उद्देश्य भनेको प्रमाणहरूको प्रारम्भिक समीक्षा गरी थप छानबिन (Investigation) गर्नुपर्ने वा नपर्ने निर्णय गर्ने मात्र भएकोले सोधपुछको समयमा प्रमाणहरूको पूर्ण समीक्षा गरिरहन आवश्यक छैन ।

६.२.४ छानबिन गर्नुपर्ने अवस्था रहेको ठहर हुने अवस्था - अनुसन्धान अनाचरणको न्यायप्रकियामा सोधपुछको उद्देश्य छानबिन गर्न योग्य भए नभएको निर्णय गर्नु हो । निम्नलिखित अवस्था भएमा छानबिन योग्य रहेको मान्नुपर्दछः

(क) आयोगको अनुसन्धान अनाचरण नीति र यस कार्यविधिको दफा ३.२ ले परिभाषित गरेको अनुसन्धान अनाचरणको परिभाषाभित्र पर्ने कार्य भएको आरोप भएको र आरोपित पक्ष दफा २.३ अनुसार यस कार्यविधिको क्षेत्रमा पर्ने अवस्था हो भनी निष्कर्ष निकाल्न सकिने उचित आधार देखिएमा;

(ख) प्रारम्भिक सूचना संकलन एवं प्रारम्भिक जाँचबाट उजुरमा तथ्य भएको संकेत देखिएमा ।

६.२.५ सोधपुछको प्रतिवेदन - सोधपुछपछि दफा ६.४ अनुसार हुनेगरी लिखित प्रतिवेदन तयार पार्नुपर्नेछ ।

६.२.६ टिप्पणीको अवसर - सोधपुछको मस्यौदा प्रतिवेदन प्रतिवादीलाई उपलब्ध गराई सो मस्यौदा प्रतिवेदनमाथि टिप्पणी गर्ने अवसर दिनुपर्दछ । प्रतिवादीबाट प्राप्त टिप्पणीलाई अन्तिम प्रतिवेदनमा नत्थी गरी समावेश गर्नुपर्दछ ।

६.२.७ सोधपुछ पुरा गर्नुपर्ने समय अवधि - सोधपुछ सामान्यतया १२० दिनमा पुरा गर्नुपर्दछ । १२० दिनभन्दा बढी लाग्ने कारण भएमा सो कारण खुलाई सोधपुछ प्रतिवेदनमा अभिलेखीकरण गर्नुपर्दछ ।

६.३ सोधपुछको परिणामको जानकारी दिनुपर्ने -

६.३.१ प्रतिवादीलाई सूचना -मुद्दाको सोधपुछबाट सो मुद्दा छानबिन योग्य भए नभएकोबारे गरिएको निर्णयको सूचना प्रतिवादीलाई दिनुपर्दछ । यस्तो

University Grants Commission

सूचनामा सोधपुछको निष्कर्षका प्रतिलिपि र संस्थाको अनुसन्धान अनाचरण सम्बोधन कार्यविधिको प्रतिलिपि समावेश गर्नुपर्छ ।

६.३.२ उजुरकर्तालाई सूचना -अनुसन्धान सदाचार कार्यालय/समितिले उजुरकर्तालाई प्रस्तुत मुद्दा छानबिनयोग्य भए नभएको निर्णयबारे सूचना दिन सक्नेछ । यस्तो सूचनामा सोधपुछको निष्कर्षको सान्दर्भिक अंशहरू समावेश गर्न सकिनेछ ।

६.४ छानबिन प्रारम्भ गर्ने निर्णयको सूचना आयोगको अनुसन्धान सदाचार समितिलाई दिनुपर्ने -

६.४.१ अनुसन्धान अनाचरणको उजुर छानबिन योग्य छ भनी निर्णय भएको ३० दिनभित्र संस्थाको अनुसन्धान सदाचार कार्यालयले आयोगको अनुसन्धान सदाचार समितिलाई निम्न जानकारीसहित सूचना दिनुपर्नेछः

(क) प्रतिवादीको नाम, कार्यरत संस्था, पद र ठेगाना;
(ख) अनुसन्धान अनाचरणको आरोपको बेहोरा;
(ग) अनुसन्धानको लागि प्राप्त अनुदान र सहयोगको विवरण;
(घ) छानबिन गर्न गरिएको सिफारिसको आधार;
(ङ) सोधपुछ प्रतिवेदन उपर प्रतिवादीको टिप्पणी र उजुरकर्ताको टिप्पणी भए सोसमेत ।

६.४.२ आयोगको अनुसन्धान सदाचार समितिले माँगेमा संस्थाको अनुसन्धान सदाचार कार्यालयले निम्न सूचनाहरू उपलब्ध गराउनुपर्नेछः

(क) न्यायप्रक्रिया चलाउन प्रयोग गरिएको संस्थागत नीति र कार्यविधि;
(ख) सोधपुछमा समीक्षा गरिएका अनुसन्धानको अभिलेख र प्रमाण, कुनै अन्तर्वार्ता लिइएको भए त्यसको श्रव्यअभिलेख वा लिखित प्रतिलिपि र सबै सान्दर्भिक दस्तावेजका प्रतिलिपि;
(ग) छानबिनको लागि आरोपहरूको फेहरिस्त ।

६.४.३ छानबिन गर्नु नपर्ने निर्णयको अभिलेखीकरण - छानबिन गर्नु नपर्ने निर्णय भएको खण्डमा त्यस्तो निर्णय कुन आधारमा गरिएको हो सोको यथेष्ट विस्तृत व्याख्या गरिएको दस्तावेज अनुसन्धान सदाचार कार्यालय/समितिले आफुसँग राख्नुपर्नेछ । यस्तो दस्तावेज ७ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ र आयोगको अनुसन्धान सदाचार समिति वा अधिकारप्राप्त निकायले माँग गरेमा प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

६.४.४ दफा ६.१०.२ अनुसारको कुनै विशेष परिस्थिति सृजना भएमा संस्थाको अनुसन्धान सदाचार कार्यालयले आयोगको अनुसन्धान सदाचार समिति र अन्य कुनै सान्दर्भिक निकाय भए सो निकायलाईसमेत जानकारी दिनुपर्नेछ ।

६.५ छानबिन (Investigation) - छानबिन गर्दा अनुसन्धान सदाचार कार्यालय/समितिले निम्न कुरा पालना गर्नुपर्दछः

६.५.१ समय - छानबिन गर्नुपर्ने भनी निर्णय भएको ३० दिनभित्र छानबिन शुरू गर्नुपर्दछ ।

६.५.२ अनुसन्धान सदाचार कार्यालयद्वारा अनुसन्धान सदाचार समितिलाई सूचना - छानबिन शुरू हुने दिनमा वा अगावै अनुसन्धान सदाचार समितिमा छानबिन शुरू गरिने कुराको सूचना एवं दफा ६.२ र ६.४ का प्रावधानहरू पालना गरी तयार गरिएको सोधपुछ प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६.५.३ प्रतिवादीलाई सूचना - छानबिन गर्नुपर्ने निर्णय भएको मितिपछि र छानबिन शुरू गरिने मितिअगावै प्रतिवादीले उचित समय पाउने गरी प्रतिवादीलाई लागेको आरोपको लिखित सूचना दिनुपर्छ । प्रारम्भिक आरोपको अतिरिक्त नयाँ आरोपहरू थपिएका छन् भने सोकोसमेत लिखित सूचना प्रतिवादीले टिप्पणी गर्न यथेष्ट हुने गरी मनासिब समय पाउने गरी दिनुपर्दछ ।

University Grants Commission

६.५.४ अभिलेख र प्रमाण नियन्त्रणमा लिने - उजुर वा सोधपुछ चरणमा अनुसन्धान अभिलेख र प्रमाणहरू नियन्त्रणमा नलिएको भए छानबिन चरणमा त्यस्ता सान्दर्भिक अनुसन्धान अभिलेख र प्रमाणहरू नियन्त्रणमा लिई, सूची बनाई सुरक्षित रूपमा राख्नुपर्नेछ । प्रमाणको रूपमा आउन सक्ने उपकरणको हकमा अरू कसैले प्रयोग गर्नुपर्ने नभएमा आवश्यकताअनुसार नियन्त्रणमा राख्ने वा प्रमाणको रूपमा आउन सक्ने अभिलेखको प्रमाणित प्रतिलिपि मात्र सुरक्षित राखी उपकरण अरूको प्रयोगको लागि उपलब्ध गराउन सकिनेछ । अनुसन्धान अभिलेखहरू नियन्त्रणमा लिँदा सोही समय वा त्यसअगावै प्रतिवादीलाई सूचना दिनुपर्छ । कुनै नयाँ प्रमाण सामग्री भेटिएमा सो पनि माथि उल्लिखित प्रक्रिया पुऱ्याई नियन्त्रणमा लिनुपर्दछ ।

६.५.५ अभिलेखीकरण - छानबिनलाई पूर्ण बनाउन परिश्रमपूर्ण प्रयास गर्नुपर्दछ र आरोपका तथ्यहरूबारेमा निर्णयमा पुग्न सान्दर्भिक हुने अनुसन्धान अभिलेख लगायतका प्रमाणहरूको अन्वेषण लगायतका कार्यहरूको यथेष्ट अभिलेखीकरण गर्नुपर्दछ ।

६.५.६ निष्पक्ष छानबिनको प्रत्याभूति - निष्पक्ष र पूर्वाग्रहरहित छानबिनको अधिकतम प्रत्याभूतिको लागि छानबिन टोलीमा विशेषज्ञता भएका र मुद्दाका पक्षहरूसँग व्यक्तिगत, पेशागत र वित्तीय स्वार्थ नबाझिएका व्यक्तिहरू समावेश गर्नुपर्नेछ ।

६.५.७ बयान-प्रतिवादी, उजुरकर्ता, साक्षी र आवश्यकताअनुसार आरोपसँग सान्दर्भिक विषयमा जानकारी भएका व्यक्तिहरूसँग पनि बयान लिई त्यसको श्रव्यअभिलेख वा लिखित प्रतिलिपि तयार गरी, त्यसलाई बयान दिनेले सच्याउन चाहेमा सच्याउने अवसर दिई त्यसरी सच्याइएको प्रतिलिपि छानबिनको प्रतिवेदनमा राख्नुपर्दछ ।

६.५.८ सूचनासूत्र पछ्याउनुपर्ने - छानबिनलाई पूर्ण बनाउन सान्दर्भिक हुने सूचना, थप सूचना र नयाँ सूचना संकलन गर्न सूचनासुत्र पछ्याई त्यस्ता सूचना र सामग्री संकलन गर्नुपर्दछ । थप अनुसन्धान अनाचरण भएको प्रमाण भेटिएमा त्यसलाई पनि समावेश गरी त्यसको पूर्ण छानबिन गर्नुपर्दछ ।

६.६ छानबिन गर्ने समयसीमा -

६.६.१ छानबिन पुरा गर्नुपर्ने समयसीमा - छानबिन शुरू भएको मितिले १२० दिनभित्र छानबिनकार्य, प्रतिवेदन लेखन र दफा ६.७ बमोजिमको प्रतिवेदन प्रस्तुति एवं दफा ६.१०बमोजिम अनुसन्धान सदाचार समितिलाई प्रतिवेदनको प्रतिलिपि पेश गर्ने कार्य सम्पन्न गरी छानबिन पुरा गर्नुपर्दछ ।

६.६.२ समयसीमा थप्न सकिने - १२० दिनमा छानबिन पुरा गर्न नसकिने अवस्था भएमा संस्थाले आयोगको अनुसन्धान सदाचार समितिमा लिखित अनुरोध पेश गरी निश्चित थप समय माग्न सक्नेछ ।

६.६.३ प्रगति प्रतिवेदन - अनुसन्धान सदाचार समितिले थप समयको लागि अनुमति दिँदा समितिमा आवधिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने गरी अनुमति दिन सक्नेछ ।

६.७ प्रतिवाद गर्ने मौका -

६.७.१ छानबिनको अन्तिम मस्यौदा प्रतिवेदनको प्रतिलिपि र सो प्रतिवेदन जुन जुन प्रमाणमा आधारित गरिएको हो ती प्रमाणहरूको प्रतिलिपि वा ती प्रमाणहरू हेर्न अनुसन्धान सदाचार कार्यालय/समितिको सुपरिवेक्षणमा पाउने गरी पहुँचको अवसर प्रतिवादीलाई दिनुपर्नेछ । छानबिनको प्रतिवेदनमा प्रतिवादीले टिप्पणी पेश गर्न चाहेमा ३० दिनको समय दिई त्यस समयभित्र प्राप्त भएको त्यस्तो टिप्पणी समेत समावेश गरेर छानबिनको अन्तिम प्रतिवेदन तयार पार्नुपर्दछ ।

University Grants Commission

६.७.२ अनुसन्धान सदाचार कार्यालय/समितिले छानबिनको अन्तिम प्रतिवेदन वा प्रतिवेदनका सान्दर्भिक अंशहरू उजुरकर्तालाई पनि दिन सक्नेछ । उजुरकर्तालाई प्रतिवेदन वा प्रतिवेदनको अंश दिइएको खण्डमा उजुरकर्ताले त्यसमा टिप्पणी पेश गर्न चाहेमा १५ दिनको समय दिई त्यस समयमा प्राप्त भएको टिप्पणी छानबिनको अन्तिम प्रतिवेदनसँगै नत्थी गरी अन्तिम प्रतिवेदन तोकिएको अंगमा बुझाउनुपर्दछ ।

६.८ छानबिन को ठहर र त्यस्को प्रतिवेदन -छानबिनको अन्तिम प्रतिवेदन निम्नलिखित अंगहरू समावेश भएको लिखित प्रतिवेदनको रूपमा हुनुपर्नेछः

(क) आरोप - उजुरकर्ताबाट प्राप्त आरोपको प्रकृति;

(ख) अनुसन्धान अनुदान र सहयोगको विवरण - अनुसन्धानको लागि आयोग वा कुनैपनि स्रोतबाट प्राप्त अनुदान र सहयोग विस्तृत विवरण;

(ग) संस्थागत आरोप - सोधपुछ पछि छानबिनको लागि लिइएका आरोपहरूको विवरण;

(घ) कार्यविधि - संस्थाको अनुसन्धान अनाचरण उजुर सम्बोधन कार्यविधिको प्रतिलिपि;

(ङ) अनुसन्धान अभिलेख र प्रमाण - छानबिनको लागि नियन्त्रणमा लिई समीक्षा गरिएका र समीक्षा नगरिएका अभिलेख र प्रमाणको छुट्टाछुट्टै विवरण;

(च) ठहरको बेहोरा (Statement of findings)- प्रस्तुत आरोपमाथिछानबिनको ठहरको रूपमा प्रत्येक आरोपको बारेमा अनुसन्धान अनाचरण भएको हो वा होईन भन्ने ठहर र यदि भएको हो भने निम्नलिखित प्रश्नको उत्तरः

(अ) झुटा विवरण, तोडमरोड, बौद्धिक चोरी, अनुसन्धान आचारसंहिताको उल्लङ्घन मध्ये कुन अनुसन्धान अनाचरण भएको हो र सो कार्य नियतकासाथ, जानीजानी र लापरवाहीकासाथ गरेको हो कि होइन त्यसबारे व्याख्या;

(आ) त्यस्ता तथ्य र परीक्षणका नतिजा जसले ठहरलाई पुष्टि गर्दछ र प्रतिवादीले पेश गरेको स्पष्टीकरणका जायज बुँदाहरूलाई सम्बोधन गर्दछ;

(इ) अनुसन्धानलाई कुन अनुदान वा सहयोग प्राप्त भएको हो;

(ई) फिर्ता लिन वा सच्याउन पर्ने प्रकाशन भए सोको विवरण;

(उ) अनुसन्धान अनाचरण गर्ने व्यक्तिहरूको नाम र परिचय;

(ऊ) कुनै अनुदान र सहयोग रोक्का गरिएको छ र कुनै गतिविधि स्थगित गरिएको छ भने त्यसको विवरण;

(ए) टिप्पणी -प्रतिवादी र उजुरकर्ताले पेश गरेको टिप्पणीहरू संलग्न गरी सान्दर्भिक टिप्पणीहरूमाथि अनुसन्धान सदाचार कार्यालय/समितिको यथोचित प्रतिटिप्पणी;

(ऐ) अभिलेखको संरक्षण र उपलब्धता - छानबिन प्रक्रिया, प्रमाण, बयान लगायत छानबिनका सम्पूर्ण सान्दर्भिक दस्तावेजहरूको अभिलेख राख्ने व्यवस्था र आयोगको अनुसन्धान सदाचार समितिले अनुरोध गरेमा ती दस्तावेज वा तिनका प्रतिलिपि उपलब्ध गराउने व्यवस्था ।

६.९ ठहरविरुद्ध विशेष निवेदन दिन सकिने -

६.९.१ प्रतिवादीले कुनै खास प्रमाणको आधारमा छानबिनको ठहर उल्टिन सक्ने वा संशोधित हुन सक्ने अवस्था भएको दाबी गरी त्यस्तो प्रमाण पेश गर्ने अवसर पाउनको लागि अनुसन्धान सदाचार कार्यालय/समितिमा विशेष निवेदन दिन सक्नेछन् । यस्तो विशेष निवेदन पर्न आएमा दाबीअनुसारको अवस्थाको सम्भाव्यताको आधारमा निर्णय गरी बढीमा ३० दिनको म्याद दिई अन्तरिम

University Grants Commission

पुनरावेदन लिन सकिनेछ । यस्तो अन्तरिम पुनरावेदनको सम्पूर्ण प्रक्रिया छानबिनको नियमित प्रक्रिया अपनाई १२० दिनभित्र पुरा गरी अन्तिम छानबिन प्रतिवेदन तयार पार्नुपर्नेछ ।

६.९.२ विशेष निवेदनको प्रक्रिया १२० दिनभित्र पुरा गर्न नसकिने अवस्था भएमा आयोगको अनुसन्धान सदाचार समितिमा लिखित अनुरोध पेश गरी निश्चित थप समय माग्न सक्नेछ ।

६.९.३ अनुसन्धान सदाचार समितिले थप समयको लागि अनुमति दिँदा समितिमा आवधिक प्रगति प्रतिवेदन पेश गर्नुपर्ने गरी अनुमति दिन सक्नेछ ।

६.१० अनुसन्धान सदाचार समितिलाई जानकारी गराउने -

६.१०.१ संस्थाको अनुसन्धान सदाचार कार्यालयले आयोगको अनुसन्धान सदाचार समितिलाई निम्न दस्तावेज र सूचना दिनुपर्नेछ:

(क) छानबिन प्रतिवेदन - प्रतिवेदनको प्रतिलिपि, संलग्न कागजात र अन्तरिम पुनरावेदन भए सोसमेत;

(ख) अन्तिम संस्थागत कार्य - अनुसन्धान अनाचार भएको ठहर भए नभएको र भएको भए कसले गरेको ठहर भयो त्यसको विस्तृत विवरण;

(ग) ठहर - छानबिनबाट प्राप्त भएको ठहरलाई अनुसन्धान सदाचार कार्यालयले केकति मतले स्वीकार गरेको छ;

(घ) संस्थागत प्रशासनिक कारवाही -प्रतिवादीउपर गरिएको वा गर्ने निर्णय भएको कुनै प्रशासनिक कारवाही भए सोको विवरण ।

६.१०.२ विशेष परिस्थितिको बारेमा अनुसन्धान सदाचार समितिलाई सूचना दिनुपर्ने - अनुसन्धान अनाचरणको न्यायप्रक्रियाको कुनै पनि बिन्दुमा अनुसन्धान सदाचार कार्यालयले निम्नलिखित अवस्था विद्यमान रहेको विश्वास लाग्ने आधार फेला पारेमा तुरुन्त अनुसन्धान सदाचार समितिलाई सूचना दिनुपर्नेछ:

(क) जनस्वास्थ्य वा जनसुरक्षा जोखिममा रहेको वा अनुसन्धानमा संलग्न व्यक्ति वा जनावरको रक्षा गर्नुपर्ने अवस्था रहेको;

(ख) सार्वजनिक सम्पत्ति वा हितको क्षति भइरहेको;

(ग) कुनै कारणले अनुसन्धान कार्य तत्काल रोक्नुपर्ने अवस्था भएको;

(घ) प्रचलित कानूनले परिभाषित गरेको फौजदारी अपराध भएको हुनसक्ने;

(ङ) न्यायप्रक्रियामा संलग्न भएका व्यक्तिहरूको सुरक्षाको व्यवस्था गर्नुपर्ने अवस्था भएको;

(च) न्यायप्रक्रियाको गोपनीयता कायम राख्नुपर्ने सूचनाहरू चुहिएर गोपनीयताको हक भङ्ग हुने अवस्था आउन सक्ने देखिएको;

(छ) कुनै विशेष कारणले सूचना सार्वजनिक गर्नुपर्ने अवस्था आएको ।

६.११ प्रक्रियाको बीचैमा टुंगिएका मुद्दाको प्रक्रिया पुरा गर्ने -

६.११.१ संस्थाको अनुसन्धान सदाचार कार्यालयले अनुसन्धान अनाचरणको मुद्दालाई अन्तिम टुङ्गो लगाउनेसम्मको सबै प्रक्रिया पुरा गर्ने अपेक्षा अनुसन्धान सदाचार समितिले गरेको हुन्छ । मुद्दाको सोधपुछ, छानबिन वा पुनरावेदन चरणमा प्रतिवादीले कसूर स्वीकार गरी वा कसूरदारसँग भएको कुनै सम्झौता (settlement)मा मुद्दा टुङ्गिएमा वा अन्य कारणले मुद्दा बीचमा टुङ्गिने अवस्था आएमा सो निर्णयपूर्व नै अनुसन्धान सदाचार समितिलाई सूचना दिनुपर्नेछ । सोधपुछको निष्कर्षको रूपमा छानबिन गर्नुपर्ने नठहरिएमा वा छानबिनको निष्कर्षको रूपमा कसूर नभएको ठहरिएमा अनुसन्धान सदाचार समितिलाई दफा ६.१० बमोजिम सूचना दिनुपर्नेछ ।

University Grants Commission

६.११.२ उपदफा ६.११.१ अनुसार मुद्दा बन्द गरिएको सूचना प्राप्त भएपछि अनुसन्धान सदाचार समितिले संस्थाको अनुसन्धान सदाचार कार्यालयसँग परामर्श गरी मुद्दाको प्रक्रियाको बारेमा समीक्षा गरी निम्नलिखित निर्णय गर्न सक्नेछः

(क) मुद्दा बन्द गरिएको आधारलाई अनुमोदन गर्ने;

(ख) मुद्दालाई प्रक्रियाको अन्तिम चरणसम्म चलाउन निर्देशन गर्ने;

(ग) थप छानबिनको लागि सिफारिस गर्ने;

(घ) अनुसन्धान सदाचार कार्यालयले समितिको निर्देशनको परिपालना नगरेको खण्डमा परिपालना गराउन आवश्यक कारवाही गर्ने ।

६.१२ अभिलेख संरक्षण -

६.१२.१ अनुसन्धान अनाचरणको मुद्दाको अभिलेख भन्नाले निम्न कागजात बुझ्नुपर्दछः

(क) दफा ५.७, ६.२.२ र ६.५.४ अनुसार संस्थाले संरक्षण गर्नुपर्ने कागजातहरू । संस्थाले त्यही प्रयोजनको लागि संरक्षण गरेका कागजातहरू दोहरिने भएमा नदोहरिने गरी र अनावश्यक भएमा सोबारे टिप्पणी उठाई हटाउन सकिनेछ;

(ख) कागजात दोहरिएको वा संरक्षण गर्न आवश्यक नभएको अवस्थामा सोबारे निर्णय गरिएको दस्तावेज;

(ग) सोधपुछको अन्तिम प्रतिवेदन (मस्यौदाहरू होइन) र यदि छानबिन गर्नुनपर्ने निष्कर्षसहित सोधपुछ पुरा गरिएको भए दफा ६.१६.१ अनुसार सोकोसमेत प्रतिवेदन;

(घ) छानबिनको प्रतिवेदन र प्रतिवेदन आधारित गरिएका अभिलेखहरू ( मस्यौदा बाहेक अन्य) र दफा ६.८ अनुसारको अभिलेखहरू;

(ङ) दफा ६.९ अनुसारका संस्थागत पुनरावेदनको पूर्ण अभिलेख ।

६.१२.२ अभिलेखको सुरक्षित भण्डारण

संस्थाको अनुसन्धान सदाचार कार्यालयलाई दफा ६.१२.३ अनुसार अनुसन्धान सदाचार समितिले गरेको अनुरोधमा मुद्दाका अभिलेख विश्वविद्यालय अनुदान आयोग वा अन्य कुनै निकायमा भण्डारण गर्न पठाएको अवस्थामा बाहेक संस्थाले मुद्दाका सम्पूर्ण अभिलेखहरू मुद्दाको अन्तिम प्रक्रिया पुरा भएको मितिले ७ वर्षसम्म सुरक्षित भण्डारण गर्नुपर्नेछ । भण्डारण गर्नुपर्ने अभिलेखहरूमा संस्थामा भएका अभिलेख र छानबिन, समीक्षा र परीक्षण गर्न अन्यत्र पठाएको भए ती अभिलेखहरूसमेत संकलन गरी सबै अभिलेख एकसाथ भण्डारण गर्नुपर्नेछ ।

६.१२.३ आयोगको अभिलेखको जिम्मा लिने प्रावधान - कुनै मनासिब कारण भई आयोगले संस्थाको अनुसन्धान सदाचार कार्यालयसँग भएका मुद्दाको अभिलेख आफ्नो जिम्मामा लिई सुरक्षित भण्डारण गर्न चाहेमा अनुसन्धान सदाचार समितिको लिखित अनुरोध प्राप्त भएबमोजिम अभिलेखहरू आयोगको जिम्मा लगाउनुपर्नेछ ।

६.१३ स्वीकार्य प्रमाणको मापदण्ड -

६.१३.१ अनुसन्धान दुराचरण ठहर हुनको लागि प्रस्तुत प्रमाणहरूको प्रबलताले कसूर पुष्टि गरेको हुनुपर्दछ ।

६.१३.२ प्रमाण उपलब्ध गराउने दायित्व उच्च शैक्षिक एवं अनुसन्धान संस्था र आयोगको हुनेछ । दोषारोपित व्यक्तिसँग विवादित अनुसन्धानको सन्दर्भमा प्रमाण हुनसक्ने अभिलेख भएको तर त्यसलाई नियतवश नष्ट गरेको वा त्यस्तो अभिलेख राख्नुपर्ने अवस्था र अवसर भएको तर नराखेको वा त्यस्तो अभिलेख भएको तर प्रस्तुत नगरी लुकाएको अवस्था र यस्ता कार्यलाई अनुसन्धान समुदायमा अवाञ्छित मानिने तथ्य यदि उपलब्ध प्रमाणको प्रबलताले पुष्टि गर्दछ भने त्यसलाई अनुसन्धान अनाचरणको प्रमाणको रूपमा लिनुपर्नेछ ।

University Grants Commission

६.१३.३ अनुसन्धान दुराचरण ठहर भएमा त्यसपछिका दायित्व पुरा गर्ने र प्रतिरक्षात्मक प्रतिउत्तर दिँदाखेरि सोको निम्ति प्रमाणहरू उपलब्ध गराउने दायित्व दोषारोपित पक्षको हुनेछ ।

६.१३.४ अनुसन्धान दुराचरणको सम्बन्धमा संस्था वा आयोगले आफ्नो दायित्वअनुसार प्रस्तुत गरेको प्रमाणको हकमा ती प्रमाणहरू जाँच्ने छानबिन अधिकारीले ती प्रमाणहरू अज्ञानतावश भएका भुलचूक वा मतभिन्नताभित्र पर्न सक्छन् कि भनेर उचित ध्यान पुऱ्याएको हुनुपर्नेछ ।

६.१३.५ अनुसन्धान दुराचरण ठहर भइसकेपछि पनि भुलसुधार गर्नसकिने अवस्था छ भने त्यस्तो अवस्था प्रमाणहरूको प्रबलताद्वारा स्थापित गरिदिनुपर्ने दायित्व दोषारोपित पक्षको हुनेछ ।

६.१३.६ प्रमाण ग्राह्य हुने अन्य आधार र प्रमाणको भार दफा ७.१७ र ७.१८ बमोजिम हुनेछ ।

६.१४ प्रतिवादको अवसरको म्याद -

प्रतिवादको अवसर -प्रतिवादीले दफा ६.८ अनुसार गरिएको अनुसन्धान अनाचरणको ठहर र प्रशासनिक कारवाहीको सिफारिसको निर्णयको बेहोरासहितको अभियोगपत्र (charge sheet) वा लिखित सूचना प्राप्त गरेको ३० दिनभित्र अभियोगको प्रतिवाद गर्न याचिका पेश गर्न सक्नेछ ।

६.१५ सहमति (settlement) मा मुद्दाको टुङ्गो लगाउन सकिने -

६.१५.१ अनुसन्धान सदाचार कार्यालय/समितिलाई अनुसन्धान अनाचरणको मुद्दालाई सहमतिमा टुङ्गो लगाउँदा सो कार्य अनुसन्धान अक्षुण्णता, राज्य, जनस्वास्थ्य र जनकल्याणको सर्वोत्तम हितमा हुन्छ भन्ने लागेमा त्यसो गर्न सकिनेछ ।

६.१५.२ सहमति भएको मुद्दाको हकमा सहमतिको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

६.१६ सहमति हुन नसकेका मुद्दा अगाडि बढाउने -

६.१६.१ अनुसन्धान सदाचार कार्यालय/समितिले सहमति नभएको र अनुसन्धान अनाचरण नठहरिएको मुद्दामा अन्तिम प्रक्रियाको रूपमा यही बेहोराको सूचना प्रतिवादी, सम्बन्धित संस्थाहरू, उजुरकर्ता, आयोगका अधिकारीहरू लगायत आवश्यक संस्था र व्यक्तिहरूलाई दिन सक्नेछ ।

६.१६.२ अनुसन्धान सदाचार कार्यालय/समितिले कानूनले तोके बमोजिमका अन्य कार्यहरू गर्न सक्नेछ ।

६.१७ सहमति भएको मुद्दामा गर्नुपर्ने अगाडिको कारवाही - अनुसन्धान सदाचार कार्यालय/समितिले सहमति भएको वा अनुसन्धान अनाचरण ठहरिएको मुद्दाको अन्तिम प्रक्रियाको रूपमा निम्नलिखित लगायतका कार्यहरू गर्नसक्नेछः

(क) अनुसन्धान अनाचरणको ठहर र प्रशासनिक कारवाहीसहितको फैसलाको सूचना प्रतिवादी, सम्बन्धित संस्था, वादी र आयोगका अधिकारीलाई दिने । अनुदान रोक्का गर्ने, फिर्ता गराउने वा वर्जित सूचीमा राख्ने निर्णय भएको छ भने सो निर्णयको कार्यान्वयन लगायतको विषयमा अधिकारप्राप्त सम्बन्धित अधिकारीले छुट्टै विस्तृत र अन्तिम निर्णय गरी सोको सूचना सम्बन्धित पक्षलाई दिनुपर्नेछ;

(ख) प्रकाशित वा प्रतिवेदित अनुसन्धान सामग्री सच्याउनु वा फिर्ता लिनुपर्नेछ भने सो सामग्री र दोषको विवरणसहित सम्बन्धित जर्नल वा निकायलाई सूचित गर्नुपर्नेछ;

(ग) अनुसन्धान अनाचरणको ठहरहरूलाई सार्वजनिक गर्ने;

(घ) प्रतिवादी हाल कार्यरत रहेको संस्थालाई सूचित गर्ने;

(ङ) कानूनले तोकेअनुसारको अन्य कार्य गर्ने ।

६.१८ निर्णयको सूचना दिनु पर्ने -

University Grants Commission

६.१८.१ अनुसन्धान सदाचार कार्यालय/समितिले अनुसन्धान अनाचरणको सम्बन्धमा सूचना संकलन गर्ने उद्देश्यले अन्य निकाय र व्यक्तिलाई सूचना प्रदान गर्दा व्यक्तिगत गोपनीयताको हकसम्बन्धी कानूनको पालना गरी गर्नेछ ।

६.१८.२ अनुसन्धान सदाचार कार्यालय/समितिले अनुसन्धान अनाचरणसम्बन्धी फैसला, सहमति र कारवाहीको सूचना सार्वजनिक गर्दा व्यक्तिगत गोपनीयताको हकसम्बन्धी कानून, सूचनाको हकसम्बन्धी कानून लगायतका सान्दर्भिक कानूनको पालना गरी गर्नेछ ।

६.१९ संस्थाको कार्यविधिअनुसार गर्न सकिने -

६.१९.१ यस कार्यविधिभन्दा अलग्गै संस्थाहरूको आफ्नै मापदण्ड, नीति र कार्यविधि छन् भने सोअनुसार प्रक्रिया सञ्चालन गर्न यस कार्यविधिले रोक्नेछैन ।

६.१९.२ आयोगको नीति र कार्यविधिअनुसार भएको निर्णयले संस्थाको आन्तरिक मापदण्ड, नीति र कार्यविधिअनुसार भएको निर्णयलाई असर गर्नेछैन ।

University Grants Commission

## खण्ड७
## पुनरावेदनसम्बन्धी व्यवस्था

७.१ पुनरावेदनसम्बन्धी सामान्य नीति -७.

७.१.१ यस खण्डले अनुसन्धान अनाचरणको सम्बन्धमा अनुसन्धान सदाचार समितिले गरेको ठहर, प्रशासनिक कारवाहीको सिफारिस, अनुदानको रोक्का, फिर्ता र वर्जित सूचीमा राख्ने निर्णय लगायतका कारवाही लगायतका फैसलाको प्रतिवाद गर्न पुनरावेदनको अवसर प्रतिवादीलाई दिनेछ ।

७.१.२ निम्नलिखित अवस्थामा प्रतिवादीले पुनरावेदन सुनुवाइको लागि निवेदन दिन सक्नेछ:

(क) अनुसन्धान सदाचार समितिले प्रतिवादीले अनुसन्धान अनाचरण गरेको ठहर गरेको; र

(ख) प्रतिवादीलाई यस्तो ठहरको र प्रस्तावित प्रशासनिक कारवाहीको सूचना, र अनुदान रोक्का वा रद्द गर्ने निर्णय भएको छ भने सोसमेतको सूचना दिइएको ।

७.१.३ पुनरावेदन सुनुवाइको लागि निवेदन प्राप्त भएमा दफा ७.२ बमोजिम एक पुनरावेदन न्यायाधीशको व्यवस्था गरिनेछ जसले अनुसन्धान सदाचार समितिले गरेको ठहर, प्रशासनिक कारवाही सिफारिस र अनुदान वर्जित गर्ने अधिकारीले दिएको अन्तिम निर्णय लगायतका बुँदामध्ये प्रतिवादीले प्रतिवाद गर्न चाहेको बुँदाहरूमा भएको फैसलाको गुणदोष (merit) उपर अन्तिम निर्णय दिनेछ ।

७.१.४ पुनरावेदन न्यायाधीशले दिएको अन्तिम निर्णयमा प्रतिवादीलाई चित्त नबुझे अदालत वा अन्य न्यायिक निकायमा कानूनी उपचार खोज्न यस कार्यविधिले बाधा पुऱ्याउने छैन ।

७.२ पुनरावेदन न्यायाधीशको नियुक्ति -

७.२.१ पुनरावेदनको याचिका प्राप्त भएको ३० दिनभित्र अनुसन्धान परिषद्ले एक जना बहालवाला वा पूर्व न्यायाधीशलाई पुनरावेदन न्यायाधीशको रूपमा तोक्नेछ । पुनरावेदन न्यायाधीशले सुनुवाइ गर्नुपर्ने वा नपर्ने निर्णय गर्न र सुनुवाइ गर्नुपर्ने निर्णय भएमा सुनुवाइ सञ्चालन गरी प्रतिवादीको प्रतिवाद वा मुद्दाको मिसिलको समीक्षाको आधारमा अन्तिम निर्णय गर्नेछ ।

७.२.२ पुनरावेदन न्यायाधीशको न्यूनतम योग्यतामा कुनै विषयमा विद्यावारिधि उपाधि प्राप्त गरेको र पुनरावेदन अदालत वा त्यस माथिको तहको अदालतमा न्यायाधीश भई काम गरेको बहालवाला वा पूर्व न्यायाधीश हुनुपर्नेछ ।

७.२.३ पुनरावेदन न्यायाधीशको पारिश्रमिक, सुविधा र कार्यालयको व्यवस्था आयोगले तोकेअनुसार हुनेछ ।

७.२.४ पुनरावेदन न्यायाधीशले प्राविधिक विषयमा सहयोग लिनको निम्ति आवश्यकताअनुसार एक वा बढी अनुसन्धान विशेषज्ञ वा प्राज्ञिक आचारसंहिता विशेषज्ञ राख्न सक्नेछ ।

७.२.२.१ पुनरावेदन न्यायाधीशले पुनरावेदनका पक्षहरू (पुनरावेदक तथा प्रत्यर्थी) लाई विशेषज्ञ मनोनयन गर्ने अवसर दिनुपर्दछ । पक्षले विशेषज्ञ मनोनयन गर्ने भएको खण्डमा निम्नअनुसारको विशेषज्ञको नियुक्ति गर्नुपर्नेछः

(क) दुवै पक्ष सहमत भएको र न्यायाधीशले योग्य ठानेको;

(ख) दुवै पक्ष सहमत हुन नसके न्यायाधीशले छानेको ।

७.२.२.२ पुनरावेदन न्यायाधीशले सुनुवाइका चरणहरूको क्रममा कुनै पनि समय विशेषज्ञहरूसँग राय माग्न सक्नेछ । विशेषज्ञले राय पेश गर्दा लिखित प्रतिवेदनको रूपमा पेश गर्नुपर्नेछ । यस्तो प्रतिवेदनको प्रतिलिपि प्रतिवेदन प्राप्त भएको १० दिनभित्र पुनरावेदनका पक्षहरूलाई दिनुपर्नेछ । प्रतिवेदनमा विशेषज्ञको पृष्ठभूमि र योग्यता पनि उल्लेख हुनुपर्नेछ । यस्तो प्रतिवेदनमा पुनरावेदनका पक्षहरूले गरेका टिप्पणी वा दिएको जवाफ, जसमा विशेषज्ञको योग्यतामा टिप्पणीसमेत हुनसक्दछ, लाई दफा ७.११.३ अनुसार न्यायाधीशसमक्ष पेश गर्नुपर्नेछ । लिखित प्रतिवेदन र त्यसमा गरिएका टिप्पणी र दिइएका जवाफ अभिलेखको अंग हुनेछ । न्यायाधीशले दफा ७.१८ बमोजिम वा अनावश्यक ढिलाइ हुने कारणलाई आधार देखाई स्वीकार गर्न नसकिने भनी तोकेको अवस्थामा बाहेक सामान्यतया पुनरावेदन पक्षले चाहेमा प्रतिवेदनउपर टिप्पणीको रूपमा वा सुनुवाइको सन्दर्भमा उठेका कुनै बुँदाउपर टिप्पणी वा जवाफको रूपमा कुनै विशेषज्ञ साक्षीको लिखित बकपत्र प्रस्तुत गर्न सक्नेछन् ।

७.२.३ न्यायप्रक्रियाको वस्तुवादितामा असर पर्नसक्ने गरी न्यायाधीश र विशेषज्ञको पुनरावेदनका पक्षसँग कुनै स्वार्थ, पक्षधरता वा पूर्वाग्रह भएको अवस्था हुनुहुँदैन ।

७.२.४ पुनरावेदन पक्षले न्यायाधीश वा विशेषज्ञलाई कुनै स्वार्थ, पक्षधरता वा पूर्वाग्रहको सम्भावना भएको अवस्था दर्शाई बहिर्गमनको लागि अनुरोध पेश गर्न सक्नेछन् । यस्तो अनुरोध उचित समयभित्रै र विशिष्ट कारण खुलाई गर्नुपर्नेछ । यस्तो अनुरोध आएमा विशेषज्ञको हकमा न्यायाधीशले र न्यायाधीशको हकमा अनुसन्धान परिषद्ले निर्णय दिनुपर्नेछ । न्यायाधीशले गरेको निर्णयमा चित्त नबुझे अनुसन्धान परिषद्मा अपील गर्न सकिनेछ । स्वार्थ बाझिएको मामिलामा अनुसन्धान परिषद्को निर्णय अन्तिम हुनेछ ।

७.२.५ अनुसन्धान परिषद्ले अनुपयुक्त भनी निर्णय गरेको व्यक्ति पुनरावेदन संरचनाबाट बहिर्गमन हुनुपर्नेछ र माथि उल्लिखित प्रक्रियाद्वारा नयाँ व्यक्ति नियुक्त गर्नुपर्नेछ ।

७.३ पुनरावेदनमा खोल्नुपर्ने कुरा र पुनरावेदन गर्ने तरीका -

७.३.१ अनुसन्धान अनाचरण को ठहर र प्रशासनिक कारवाहीको सिफारिसको निर्णयमाथि प्रतिवाद गर्ने अवसर -प्रतिवादीले दफा ४.६ अनुसार गरिएको अनुसन्धान अनाचरणको ठहर र प्रशासनिक कारवाहीको सिफारिसको निर्णयको

University Grants Commission

बेहोरासहितको अभियोगपत्र (charge sheet) वा लिखित सूचना प्राप्त गरेको ३० दिनभित्र अभियोगको प्रतिवाद गर्न याचिका पेश गर्न सक्नेछ ।

७.३.२ पुनरावेदनको लागि याचिका पेश गर्ने तरीका -प्रतिवादीले पुनरावेदन लिखित रूपमा, प्रतिवादीको वा कानूनी प्रतिनिधिको हस्ताक्षरसहित र अनुसन्धान परिषद्लाई सम्बोधन गरी आयोगको कार्यालयमा पेश वा रजिष्टर्ड डाँकद्वारा तामेल गर्नुपर्नेछ ।

७.३.३ पुनरावेदनको याचिकामा निम्नलिखित कुराहरू हुनुपर्नेछः
(क) अनुसन्धान अनाचरणको प्रत्येक ठहर र त्यसको आधारलाई सकार वा प्रतिवाद;
(ख) प्रत्येक प्रशासनिक कारवाहीलाई सकार वा प्रतिवाद;
(ग) प्रत्येक प्रतिवादका विस्तृत र बलिया कारणहरू;
(घ) प्रतिवादीले प्रस्तुत गर्न चाहेको कानूनी बुँदा वा जिकिर;
(ङ) प्रतिवादीले कुनै दोषनिवारक प्रस्ताव पेश गर्न चाहेको भए त्यसको बेहोरा ।

७.३.४ पूरक याचिका दिने सकिने -प्रतिवादीले सुनुवाइको लागि पेश गरिसकेको याचिकामा माथिको दफा ७.३.३ को प्रयोजन पुरा गर्ने गरी कुनै पूरक याचिका दिन चाहेमा पुनरावेदन सुन्ने न्यायाधीश नियुक्त भएको सूचना प्राप्त गरेको १० दिनभित्र पुनरावेदन न्यायाधीश समक्ष लिखित अनुरोध पेश गर्नुपर्नेछ । त्यस्तो अनुरोधमा पूरक याचिकाको बेहोरा र त्यसलाई स्वीकार गर्न अनुरोध समावेश हुनुपर्नेछ । पुनरावेदन न्यायाधीशले यस्तो अनुरोधको अंश वा पुरै अनुरोध स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।

७.४ पुनरावेदन स्वीकार गर्ने आधार -

७.४.१ अनुसन्धान सदाचार समितिले गरेको फैसलामा भएको अनुसन्धान अनाचरणको ठहर, प्रशासनिक कारवाहीको सिफारिस र बन्देज लगायतका निर्णयहरूमध्ये जुन जुन निर्णयमा प्रतिवादीले प्रतिवाद गरी पुनरावेदन गरेको हो ती निर्णयको वस्तुमा वास्तविक विवाद (genuine dispute) भएको देखिएमा मात्र पुनरावेदन न्यायाधीशले पुनरावेदन सुनुवाइको अनुमति दिनेछ । प्रतिवादीले गरेको कसूरको सामान्य इन्कार वा भुलवश कसूर भएको भन्ने जिकिरले मात्र वास्तविक विवाद स्थापित गर्दैन ।

७.४.२ पुनरावेदनमा अनुसन्धान सदाचार समितिले गरेको प्रत्येक ठहर, प्रत्येक निर्णय एवं तिनका प्रत्येक आधारहरूलाई तोकेर प्रतिवाद गरिएको हुनु पर्नेछ । पुनरावेदनमा तोकेर प्रतिवाद नगरिएका ठहर, निर्णय र आधारहरूलाई प्रतिवादीले सकार गरेको मानिनेछ ।

७.४.३ अनुसन्धान सदाचार समितिबाट अनुसन्धान अनाचरणको मुद्दाको फैसलाको सूचना पाएको ३० दिनभित्र दफा ५.१६ अनुसार प्रतिवादीले पुनरावेदनको अनुरोध नगरेमा फैसलाको ठहर र प्रशासनिक कारवाहीको सिफारिस नै अनुसन्धान सदाचार समितिको न्यायप्रक्रियाको अन्तिम कार्य हुनेछ । अनुदान बन्देज र रोक्काको हकमा ३० दिनको म्याद सकिए पछि फाइल बन्द गरिने छ र अनुदान बन्देज गर्ने अधिकार प्राप्त अधिकारीसमक्ष अन्तिम निर्णयको लागि पठाइनेछ । आयोगको हकमा अनुदान बन्देज र रोक्काको अन्तिम निर्णय आयोगका सदस्य-सचिवले गर्नेछ ।

७.४.४ पुनरावेदन न्यायाधीशले पुनरावेदन सुनुवाइका लागि अनुमति दिएको खण्डमा पनि प्रतिवादी स्वयं उपस्थित भई सुनुवाइ गर्ने अवसर प्रयोग गर्न नचाहेमा त्यसो गर्न सक्नेछन् । प्रतिवादी अनुपस्थित भएमा पुनरावेदन न्यायाधीशले प्रशासनिक अभिलेखहरूको आधारमा कसूरको समीक्षा गरी अन्तिम निर्णय दिन

University Grants Commission

सक्नेछन् । प्रतिवादीले थप कागजात र जिकिर प्रस्तुत गर्न चाहेमा पुनरावेदन न्यायाधीशसमक्ष त्यस्तो अनुरोध पेश गर्न सक्नेछन र पुनरावेदन न्यायाधीशले त्यस्तो गर्न अनुमति दिन सक्नेछ । अनुसन्धान सदाचार समितिले पनि प्रशासनिक अभिलेखमा पूरक सामग्रीको रूपमा थप पैरवी, कागजात, व्यक्ति उपस्थित भई वा टेलिफोनबाट दिने बयान वा मौखिक प्रस्तुतिकरण पेश गर्न सक्नेछ ।

७.५ पुनरावेदन अस्वीकार गर्ने आधार -

७.५.१ निम्न लिखित अवस्थामा पुनरावेदन सुनुवाइको अनुरोध अस्वीकार गर्न सकिनेछः

(क) प्रतिवादीले अनुसन्धान सदाचार समितिबाट फैसलाको अभियोगपत्र प्राप्त गरेको ३० दिनभित्र अनुसन्धान परिषद्मा पुनरावेदन सुनुवाइको याचिका पेश नगरेको;

(ख) पुनरावेदन याचिकामा वा ७.३.३ अनुसार पेश गरिएको परिपूरक याचिकामा अनुसन्धान सदाचार समितिको फैसलाको निर्णयको वस्तुमा वास्तविक (genuine) विवाद प्रस्तुत नगरिएको;

(ग) पुनरावेदन सुनुवाइमा सम्बोधन गर्न सकिने किसिमको विवाद नदेखिएमा;

(घ) सुनुवाइको याचिका फिर्ता लिएमा वा परित्याग गरेमा ।

७.५.२ प्रतिवादीले अनुसन्धान परिषद्लाई दफा ७.३.१ अनुसारको लिखित याचिका पेश गरेको छैन भने पुनरावेदन न्यायाधीशले सुनुवाइको याचिका अस्वीकार गर्न सक्नेछन् ।

७.६ पुनरावेदन न्यायाधीशको अधिकार -

७.६.१ पुनरावदेन न्यायाधीशले न्यायपूर्ण र निष्पक्ष सुनुवाइ गर्न, अनावश्यक ढिलासुस्ती रोक्न र सुनुवाइको पूर्ण र दुरुस्त (accurate) अभिलेख राख्न लगाउने कार्य गर्नुपर्छ । पुनरावेदन न्यायाधीशले सम्पूर्ण सान्दर्भिक कानून, नीति र कार्यविधिका र यस खण्डमा निर्दिष्ट कार्यविधिको पालना गर्नुपर्नेछ ।

७.६.२ यस कार्यविधिमा अन्यत्र अन्यथा व्यवस्था नभएसम्म पुनरावेदन न्यायाधीशले निम्न कार्य गर्न सक्नेछः

(क) पुनरावेदनका पक्षहरूलाई मनासिब समयभित्र सूचना तामेल गरी सुनुवाइको मिति, समय र स्थान निर्धारण गर्ने;

(ख) पुरै सुनुवाइ वा सुनुवाइका अंशहरू निरन्तर चलाउने वा केही मनासिब समयका लागि स्थगित गर्ने;

(ग) आवश्यकताअनुसार पुनरावेदनका पक्षहरूसँग परामर्श बैठक (conference) को आयोजना गर्ने वा अन्य सहभागीमूलक क्रियाकलाप गर्ने गराउने;

(घ) शपथ र कबुल गराउने;

(ङ) साक्षीलाई सुनुवाइमा उपस्थित गर्न लगाउने;

(च) प्रस्तुत प्रस्ताव र अन्य प्रक्रियागत विषयमा निर्णय दिने;

(छ) पुनरावेदनको कुनै पक्षले प्रमाणको रूपमा कुनै कागजात प्रस्तुत गर्न चाहेमा त्यस्तो कागजातको प्रतिलिपि न्यायाधीशलाई र अर्को पक्षलाई समेत उपलब्ध गर्न लगाउने;

(ज) पुनरावेदनका पक्षले सिलबन्दी गरी पेश गरेको वा कुनै कानूनको आधारमा गोपनीयताको अनुरोध गरिएको सामग्रीको अवलोकन गराउनुपर्दा उपलब्ध र उपयुक्त अधिकारीको रोहबरमा गर्न आवश्यक आदेश दिने;

(झ) सुनुवाइको बखत पुनरावेदनका पक्षहरू, प्रतिनिधि र साक्षीहरूको व्यवहारलाई अनुशासित राख्ने;

University Grants Commission

(ञ) सुनुवाइमा प्रस्तुत प्रमाण र साक्षीको जाँच गर्ने;
(ट) पक्षद्वारा प्रस्तुत प्रमाणहरूलाई उपयुक्तताको आधारमा प्रवेश गराउने, सीमित गर्ने वा निषेध गर्ने;
(ठ) सुनुवाइको क्रममा वा सुनुवाइपछिका बैठकमा प्रस्तुत तथ्यहरू र प्रयोग गरिएको कानूनउपर गरिने मौखिक बहस सुन्ने;
(ड) पुनरावेदन पक्षले प्रस्ताव पेश गरेमा प्रस्तावका मुख्य बेहोराको अभिलेख राख्ने;
(ढ) पुनरावेदन पक्षले पेश गरेको प्रस्तावमा कुनै प्रतिवाद नपरी विवाद नदेखिएमा त्यसका अंश वा पुरै प्रस्तावमा शीघ्र फैसला गर्ने;
(ण) व्यक्तिको उपस्थितिमा वा टेलिफोनमा वा श्रव्यदृश्य माध्यमबाट परामर्श बैठक (conference) वा मौखिक बहस गराउने;
(त) सुनुवाइमा बाधा पुऱ्याउने पक्षलाई उपयुक्त कारवाहीद्वारा अनुशासित गराउने

७.६.३ पुनरावेदन न्यायाधीशलाई निम्न कार्य गर्ने अधिकार हुनेछैन:
(क) निर्देशित फैसला हुने प्रकृतिको आदेश प्रवेश गराउने;
(ख) पुनरावेदनका पक्षलाई सम्झौता गर्न बाध्य बनाउने;
(ग) प्रचलित कानून र निर्देशिकालाई अस्वीकार गर्ने ।

७.७ पुनरावेदन गर्ने पक्षका अधिकार -

७.७.१ पुनरावेदनका पक्षहरू भन्नाले प्रतिवादी र अनुसन्धान सदाचार समितिलाई बुझ्नुपर्दछ । छानबिन गर्ने संस्था/अंग स्वयं नै प्रतिवादी भएको अवस्थामा बाहेक पुनरावेदनको पक्ष हुनेछैन ।

७.७.२ यस खण्डमा अन्यथा व्यवस्था भएको बाहेक पुनरावदेनका पक्षहरूलाई निम्न अधिकार हुनेछ:
(क) कानूनी प्रतिनिधिद्वारा प्रतिनिधित्व गराउने वा परामर्श लिने;
(ख) पुनरावेदन न्यायाधीशले आयोजना गरेको कुनै परामर्श बैठक (conference) मा उपस्थित हुने;
(ग) अभिलेखको अंग हुने कुनै तथ्य वा सान्दर्भिक कानूनमा सहमत हुने;
(घ) पुनरावेदन न्यायाधीश समक्ष प्रस्ताव प्रस्तुत गर्ने;
(ङ) सुनुवाइमा सान्दर्भिक प्रमाण पेश गर्ने;
(च) साक्षीसँग जिरह गर्ने;
(छ) मौखिक बहस प्रस्तुत गर्ने;
(ज) पुनरावेदनका पक्षहरूले सहमति गरेको उचित समयभित्र वा दफा ७.१९ अनुसार न्यायाधीशले प्रदान गरेको समयभित्र सुनुवाइ पश्चात्का टिपोट, ठहरका लागि प्रस्ताव र सान्दर्भिक कानूनको सारांश तयार गर्ने र त्यस्तो टिपोट र प्रस्तावको प्रतिउत्तर पेश गर्ने;
(झ) अन्य कानूनले तोकेको भई वा गोपनीयताको सामान्य सिद्धान्तले गोपनीयता कायम राख्नु पर्ने भई कुनै दस्तावेजको अंश नदेखिने गराउन कालो मसीले छोपीकन पेश गर्नु उचित देखिएमा त्यसै गरी वा सिलबन्दी गरी न्यायाधीश समक्ष पेश गर्ने ।

७.८ दाबी, प्रतिवाद, प्रमाण अर्को पक्षलाई देखाइने -

७.८.१ मुद्दाका पक्ष, प्रतिनिधि वा वकिलले अर्को पक्ष सहभागी नहुनेगरी मुद्दाका विषयमा पुनरावेदन न्यायाधीशसँग दाबी, प्रतिवाद, प्रमाण लगायतका विषयमा एक पक्षीय सञ्चार गर्न हुँदैन । प्रशासनिक वा प्रक्रियाका विषयमा सोधपुछ गर्न भने यस बुँदाले बाधा पुऱ्याउने छैन ।

University Grants Commission

७.८.२ एकपक्षीय सञ्चार भएको खण्डमा पुनरावेदन न्यायाधीशले सो कागजात अर्को पक्षलाई देखाई, टिप्पणी गर्ने अवसर दिई मुद्दाको अभिलेखको अंग बनाउनु पर्नेछ ।

७.९ पुनरावेदन फाराम, दर्ता -

७.९.१ दर्ता गर्ने तरीका

७.९.१.१ पुनरावेदन न्यायाधीशले अन्य प्रबन्ध गरेको अवस्थामा बाहेक पुनरावेदन प्रक्रियाको निम्ति बुझाउनुपर्ने वा बुझाउन पाइने कागजात पुनरावेदन न्यायाधीशसमक्ष बुझाउनुपर्नेछ ।

७.९.१.२तोकिएको कार्यालयमा बुझाएको वा रजिष्टर्ड डाँकबाट प्रेषित गरेको अवस्थालाई कागजात बुझाएको मानिनेछ ।

७.९.२ फारामको ढाँचा

७.९.२.१ पुनरावेदन न्यायाधीशले अन्यथा तोकेको अवस्थामा बाहेक प्रत्येक कागजातको सक्कल र दुई प्रतिलिपि बुझाउनु पर्नेछ । गैरकागजी सामग्रीहरू (जस्तैः भिडियोटेप, सिडी र भौतिक प्रमाणहरू) को हकमा पुनरावेदन न्यायाधीशले तोकेको ढाँचामा बुझाउनुपर्नेछ ।

७.९.२.२ कागजात बुझाउँदा मुद्दाको शीर्षक, दर्ता संख्या भए सो र कागजातको प्रकृति खुलाउनुपर्नेछ ।

७.९.२.३ प्रत्येक कागजात बुझाउनेको नाम र ठेगाना वा तोकिएको वकिलको नाम र सम्पर्क उल्लेख गर्नुपर्नेछ ।

७.९.३ वितरण गर्नुपर्ने

कुनै पक्षले पुनरावेदन न्यायाधीशसमक्ष कागजात पेश गर्दा सो कागजातको एक प्रतिलिपि अर्को पक्षलाई वितरण गर्नुपर्नेछ । यस्तो वितरण रजिष्टर्ड डाँक, हाते डेलिभरी वा पुनरावेदन न्यायाधीशले अनुमति दिएमा इलेक्ट्रोनिक माध्यमबाट पनि गर्न सकिनेछ ।

७.१० म्याद गणना गर्ने तरीका -

७.१०.१ मुद्दाको कार्यविधिको प्रयोजनको निम्ति दिनको गन्ती गर्नुपर्दा घटना वा आदेशको भोलिपल्टबाट दिनको गन्ती शुरू हुनेछ । अन्तिम दिन सरकारी बिदा परेमा बिदापछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

७.१०.२ सात दिनभन्दा घटीको म्यादको निम्ति दिन गन्नुपर्दा म्यादभित्र परेको सरकारी बिदाका दिनहरूलाई गनिनेछैन ।

७.१०.३ रजिष्टर्ड वा द्रुत डाँकबाट तामेल गरिएको कागजातका हकमा तोकिएको म्यादमा ७ दिन थपिनेछ । दफा७.३ अनुसारको याचिकाको हकमा यो प्रावधान लागु हुनेछैन ।

७.१०.४ दफा ७.३ अनुसारको याचिकाको हकमा बाहेक अन्य कार्यको हकमा पुनरावेदन न्यायाधीशले उचित कारण दर्शाई म्याद परिवर्तन गर्न सक्नेछन् । हदम्याद परिवर्तन गर्दा मुद्दाका दुवै पक्षलाई सूचित गर्नुपर्नेछ ।

७.११ दाबी प्रस्तुति तरीका -

७.११.१ मुद्दाको विषयमा प्रस्ताव र आदेशको लागि पुनरावेदन न्यायाधीशसमक्ष अनुरोध गर्ने, अर्को पक्षलाई प्रतिलिपि उपलब्ध गराउने, कुन न्यायिक अधिकार अन्तर्गत अनुरोध गरिएको हो सो उल्लेख गर्ने र आरोपका तथ्यहरू जाहेर गर्ने कर्तव्य मुद्दाको पक्षको हुनेछ ।

७.११.२ पूर्व-सुनुवाइमा वा सुनुवाइका कममा पेश गरिने अनुरोध बाहेक अन्य कुराका प्रस्ताव लिखित रूपमा पेश गर्नुपर्नेछ ।

७.११.३ प्रस्ताव उपलब्ध गराइएको १० दिन वा पुनरावेदन न्यायाधीशले तोकेको समयभित्र पक्षले प्रस्तावमा प्रतिउत्तर पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्ने पक्षले

पुनरावेदन न्यायाधीशले अनुमति दिएको अवस्थामा बाहेक प्रतिउत्तर उपर अर्को प्रतिउत्तर दिन पाउनेछैन ।

७.११.४ दुवै पक्षको सहमतिमा बाहेक अन्य अवस्थामा प्रस्तावको प्रतिउत्तर दिने समय सकिएपछि मात्र पुनरावेदन न्यायाधीशले प्रस्तावमा निर्णय दिन सक्नेछ । प्रस्तावमा निर्णय दिनको लागि प्रतिउत्तरको समय सकिएपछि प्रतिउत्तर पर्खिरहनु पर्नेछैन ।

७.११.५ सबै प्रस्तावहरूलाई मनासिब समयभित्रै र महत्त्वपूर्ण प्रस्तावहरूलाई यथासम्भव सुनुवाइ अगावै किनारा लगाउन पुनरावेदन न्यायाधीशले उचित प्रयास गर्नुपर्नेछ ।

७.१२ पूर्व-सुनुवाइ परामर्श बैठक (Pre-hearing conferences)-

७.१२.१ अनुसन्धान परिषद्ले मुद्दा सुम्पेको ३० दिनभित्र पुनरावेदन न्यायाधीशले शुरूवाती पूर्व-सुनुवाइ परामर्श बैठक आयोजना गर्नुपर्नेछ ।

७.१२.२ निम्न लिखित लगायतका विषयमा छलफलको निम्ति पूर्व-सुनुवाइ परामर्श बैठक आयोजना गर्न सकिनेछः

(क) मुद्दाको विषयको पहिचान र सरलीकरण गर्न, अनुसन्धान सदाचार समितिले गरेको अनुसन्धान अनाचरणको निर्क्योल र प्रशासनिक कारवाहीको सिफारिससँग प्रतिवादीले प्रतिवाद गरेका तथ्यहरूको सम्बन्ध बुझाउन र पुनरावेदनलाई अझ बढी स्पष्ट बनाउने लगायतका उद्देश्यले सशोधन गर्न;

(ख) कागजातहरूको अन्तर्वस्तु, सान्दर्भिकता र आधिकारिकता लगायतका विषयसँग सम्बन्धित तथ्यहरूको स्पष्टीकरणको लागि;

(ग) प्रतिवादीले सुनुवाइको हकत्याग (waiver) गरी दफा ७.४.४ अनुसारको प्रशासनिक अभिलेखको आधारमा फैसला स्वीकार गर्न चाहेमा सो बारेमा परामर्श गर्न;

(घ) न्यायिक विषयको पहिचान गर्न र त्यसको बारेमा सुनुवाइ पूर्व जानकारी दिन;

(ङ) पक्षहरूबीच सुनुवाइ पूर्व प्रमाण, बहस र अन्य सामग्री आदान प्रदान गराउन;

(च) साक्षीहरूको पहिचान एवं उनीहरूको बयानको प्रकृति, साक्षीहरूको संख्याको हदबन्दी र क्षेत्रबारे जानकारी दिन;

(छ) अभियोगपत्र र प्रतिवादीको पुनरावेदन याचिकामा उल्लेख भएका न्यायिक विषयहरूको बारेमा टिपोट पेश गर्न लगायतका कार्यको लागि मिति तोक्न;

(ज) साक्षीहरूको सूची, साक्षीहरूको बयान, प्रस्तावित दसीप्रमाण, कागजात प्रस्तुत गर्न गरिएको अनुरोध र प्रस्तावित साक्षी र कागजातबारे कुनै विरोध भए सोको लिखित सूचना र टिपोट आदानप्रदान गर्न;

(झ) सुनुवाइको लागि समय, स्थान र अपेक्षित अवधि तय गर्न;

(ञ) मुद्दालाई निष्पक्ष, न्यायपूर्ण र शीघ्र किनारा गर्न सहयोग पुग्ने अन्य कामको निम्ति ।

७.१२.३ पुनरावेदन न्यायाधीशले मुद्दाका पक्षहरूको अनुरोधमा वा अन्य उपयुक्त कारणले मनासिब समयभित्र सूचित गरी पूर्व-सुनुवाइ परामर्श बैठक डाक्न सक्नेछ ।

७.१२.४ सबै पूर्व-सुनुवाइ परामर्श बैठकहरूका श्रव्यअभिलेख राख्नुपर्नेछ र मुद्दाका पक्षहरूले अनुरोध गरेमा प्रतिलिपि उपलब्ध गराउनुपर्नेछ ।

७.१२.५ पूर्व-सुनुवाइ परामर्श बैठकमा पुनरावेदन न्यायाधीशले कुनै मौखिक आदेश दिएको छ भने १० दिनभित्र त्यसको लिखित अभिलेख राखिसक्नुपर्नेछ ।

University Grants Commission

७.१२.६ सुनुवाइको मिति तय भएपछि सुनुवाइको मितिले १५ दिन अघिको कुनै समयमा पुनरावेदन न्यायाधीशले एक अन्तिम पूर्व-सुनुवाइ परामर्श बैठक आयोजना गर्नेछ । अन्तिम पूर्व-सुनुवाइमा सुनुवाइलाई निष्पक्ष न्यायपूर्ण र छिटो छरितो बनाउन मद्धत गर्ने गरी प्रस्तावित प्रमाण, साक्षी, बयान प्रस्ताव लगायत सबै विषयको महत्त्वपूर्ण पक्ष सुल्झाउन प्रयास गरिनेछ ।

७.१३ साक्षीको सूची र प्रमाणको प्रस्तुति -

७.१३.१ मुद्दाका प्रत्येक पक्षले सुनुवाइ हुने दिनको ६० दिनअघि पुनरावेदन न्यायाधीशसमक्ष आफूले प्रस्तुत गर्ने साक्षीको सूची, साक्षीको प्रस्तावित बयानको अन्तर्वस्तुसहितको सारसंक्षेप, विशेषज्ञ साक्षी भए त्यस्ता साक्षीको लिखित बकपत्र, प्रस्तुत गर्ने प्रमाणको लिखित सूची र पक्ष उपस्थित भई मौखिक बयान दिनुको सट्टा लिखित बयान दिने भए सोको प्रतिलिपि पेश गर्नुपर्नेछ । प्रस्तावित साक्षीको पूर्वलिखित बकपत्र वा मौखिक बयानको अभिलिखित (transcribed) प्रतिलिपि भए सोही र सो नभएमा प्रस्तावित बयानको विस्तृत प्रतिज्ञापत्र पेश गर्नुपर्नेछ ।

७.१३.२ कुनै पक्षले पूरक सामग्री पेश गर्न चाहेमा पुनरावेदन न्यायाधीशलाई निम्न अवस्था छ भनी चित्त बुझेमा ३० दिनअघि पेश गरिसक्नुपर्ने गरी आदेश दिन सक्नेछः

(क) विशेष परिस्थिति भएको;

(ख) कुनै एक पक्षप्रति पूर्वाग्रह उत्पन्न नहुने ।

७.१३.३ कुनै पक्षले दफा ७.१३.१ अनुसार प्रस्तुत गरेको दसीप्रमाणको सच्चाइ र सान्दर्भिकतामा  आपत्ति जनाउने अवसर अर्को पक्षलाई दिनुपर्नेछ । पक्षले यस्तो आपत्ति लिखित रूपमा पूर्व-सुनुवाइ परामर्श बैठकभन्दा अगाडि नै पेश गर्नुपर्नेछ । यस्तो लिखित आपत्तिलाई मुद्दाको अभिलेखको अंगको रूपमा समावेश गर्नुपर्दछ ।

७.१३.४ दफा ७.१३.१ अनुसारको म्याद नाघीसकेपछि दफा ७.१३.२ अन्तर्गत प्रस्तुत हुने दसीप्रमाण बाहेक अन्य नयाँ दसीप्रमाणलाई बहसमा समावेश गर्न पाइनेछैन । पुनरावेदन न्यायाधीशले दफा ७.१३.२ अनुसार प्रस्तुत गर्न अनुमति दिएको दसीप्रमाणमा आपत्ति जनाउने पक्षले त्यस्तो दसीप्रमाणमा प्रतिउत्तर पेश गर्न समय आवश्यक भएमा सुनुवाइको कुनै अंश वा पुरै सुनुवाइ स्थगित गर्न प्रस्ताव गर्न सक्नेछन् र यस्तो प्रस्तावलाई पुनरावेदन न्यायाधीशले अन्य मनासिब कारणले अस्वीकार गर्नुपर्ने अवस्थामा बाहेक अस्वीकार गर्न पाउनेछैनन् ।

७.१३.५ पुनरावेदन न्यायाधीशले निर्धारित गरेको समयभित्र र अन्तिम पूर्व-सुनुवाइ अघि कुनै पक्षबाट आपत्ति प्रस्तुत नभएको खण्डमा दफा ७.१३.१ अनुसार प्रस्तुत गरिने दसीप्रमाणलाई सुनुवाइको प्रयोजनको लागि प्रस्तुतयोग्य मानिनेछ ।

७.१४ साक्षी प्रस्तुति -

७.१४.१ दफा७.१४.२ मा उल्लिखित अवस्थामा बाहेक साक्षीले सुनुवाइमा शपथ लिई बयान दिनुपर्नेछ ।

७.१४.२ सवाल जवाफको लागि साक्षी उपलब्ध भएको अवस्थामा साक्षीले मौखिक बयानको सट्टामा लिखित बयान दिन सक्नेछन् । पहिले दिइसकेको लिखित बयान पनि सवाल जवाफ गर्न मिल्ने भए सुनुवाइमा प्रस्तुत गर्न सकिनेछ । सुनुवाइमा प्रस्तुत गरिने लिखित बयान दफा ७.१३ अनुसार सबै पक्षहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

७.१४.३ पक्षले साक्षीसँग सवाल जवाफ सशरीर उपस्थित भई वा पुनरावेदन न्यायाधीशले अनुमति दिएमा टेलिफोन वा श्रव्यदृश्य सञ्चारको माध्यमबाट गर्न सक्नेछन् ।

University Grants Commission

तर प्रतिवादी बयान दिन वा सवालजवाफ गर्नको लागि आफैँ उपस्थित हुनु पर्नेछ ।

७.१४.४ साक्षीसँग हुने सवाल जवाफलाई पुनरावेदन न्यायाधीशले निम्न उद्देश्यको निम्ति निर्देशन र नियन्त्रण गर्न सक्नेछन्:

(क) साक्षीको प्रस्तुति र जवाफलाई मुद्दाको तथ्यमा केन्द्रित गरिराख्न;

(ख) पुनरावृत्ति हुने वा अनुचित लामो समय लाग्ने अवस्था रोक्न ।

७.१४.५ पुनरावेदन न्यायाधीशले सबै पक्षलाई साक्षीसँग सवाल जवाफ गर्ने अवसर दिनुपर्नेछ ।

७.१४.६ कुनै पक्षले अनुरोध गरेमा पुनरावेदन न्यायाधीशले साक्षीलाई बयान दिनबाट वञ्चित गर्न सक्नेछ । तर निम्न पक्षलाई बयान दिनबाट वञ्चित गराउने सकिनेछैन:

(क) पक्ष वा पक्षका प्रतिनिधि;

(ख) पक्षले मुद्दाको सुनुवाइमा आवश्यक भई उपस्थित गराउन चाहेको व्यक्ति;

(ग) विशेषज्ञ साक्षी ।

७.१५ अभियोगपत्रमा संशोधन -

७.१५.१ अनुसन्धान सदाचार समितिले सुनुवाइ तय भएको मितिले ३० दिन अघिको समयभित्र अभियोगपत्रमा कुनै संशोधन गर्न चाहेमा त्यसो गर्न सक्नेछ ।

७.१५.२ संशोधित अभियोगपत्रमा पक्षले प्रतिउत्तर दिनको लागि समय आवश्यक भई सुनुवाइको कुनै अंश वा पुरै सुनुवाइ स्थगित गर्न प्रस्ताव गरेमा अन्य मनासिब कारणले अस्वीकार गर्नुपर्ने अवस्थामा बाहेक त्यस्तो प्रस्तावलाई पुनरावेदन न्यायाधीशले स्वीकार गर्नुपर्नेछ ।

७.१६ मानहानिको कारवाही -

७.१६.१ कुनै पक्षले पुनरावेदन न्यायाधीशको आदेशको अपहेलना गरेमा वा कार्यविधिलाई शीघ्रतापूर्वक, अनुशासित र निष्पक्ष ढंगले सम्पादन गर्न बाधा हुने व्यवहार देखाएमा पुनरावेदन न्यायाधीशले त्यस्तो पक्षलाई अनुशासनको कारवाही गर्न सक्नेछन् । यस्तो कारवाही पक्षको अनुचित व्यवहारको गम्भीरताअनुसारको हुनेछ ।

७.१६.२ अनुशासनको कारवाहीमा देहायका कारवाही पर्नेछन्:

(क) कुनै दसीप्रमाण पेश गर्न वा कुनै खास बहस पैरवी गर्न रोक लगाउने;

(ख) बहसको कुनै अंश वा पुरै बहस हटाउने;

(ग) कार्यविधिलाई चालु राख्ने;

(घ) बहस विना नै मुद्दाको मिसिलको आधारमा निर्णय गर्ने;

(ङ) समयभित्र पेश नगरिएका प्रस्ताव र कार्यलाई समावेश नगर्ने;

(च) कुनै पक्षले कुनै कागजात नष्ट गरेको अवस्थामा नष्ट गरिएको अंश सो पक्षको बहसको प्रतिकुल भएको मान्ने ।

७.१७ प्रमाणको स्तर एवं प्रमाणको भार -

७.१७.१ प्रमाणको मानक - प्रमाणहरूको प्रबलता (preponderance of the evidence) लाई प्रमाणको मानक मानिनेछ ।

७.१७.२ प्रमाणको भार

७.१७.२.१ अनुसन्धान अनाचरणको ठहरलाई प्रमाणित गर्ने दायित्व अनुसन्धान सदाचार समितिको हुनेछ । अनुसन्धान अभिलेख नष्ट भएको, हराएको वा विवादित अनुसन्धानको यथेष्ट अभिलेख प्रस्तुत नगरेको अवस्थामा प्रतिवादीले नियतपूर्वक, जानाजानी वा लापरवाहीकासाथ आफूसँग भएको अनुसन्धान अभिलेख नष्ट गरेको, अभिलेख राख्न सक्ने अवस्था

University Grants Commission

हुँदाहुँदै पनि त्यसो नगरेको वा समयभित्र उपलब्ध नगराएको वा सम्बन्धित अनुसन्धान समुदायमा मान्य प्रचलनभन्दा उल्लेख्य रूपले विचलित हुनेगरी अन्य व्यवहार गरेको अवस्था प्रमाणहरूको प्रबलताले प्रमाणित गर्ने भनी अनुसन्धान सदाचार समितिले गरेको ठहरलाई अनुसन्धान अनाचरण ठहर भएको मानिनेछ ।

७.१७.२.२ प्रतिवाद गर्ने दायित्व र प्रतिवाद गरेका कुनै वा सबै प्रतिवादलाई प्रमाणहरूको प्रबलताद्वारा प्रमाणित गर्ने दायित्व प्रतिवादीको हुनेछ । अनुसन्धान सदाचार समितिले यस कार्यविधि अन्तर्गत अनुसन्धान अनाचरण ठहर गर्दा प्रमाणहरूको प्रबलताको आधारमा गरे नगरेको ठहर गर्ने प्रयोजनको निम्ति प्रतिवादीले गरेको कार्य इमान्दार त्रुटि वा मतभिन्नता अन्तर्गत नपरेको हुनुपर्नेबारे पुनरावेदन न्यायाधीशले यथेष्ट विचार पुऱ्याएको हुनुपर्नेछ ।

७.१७.२.३ अनुसन्धान सदाचार समितिले सिफारिस गरेको प्रशासनिक कारवाही कसूरअनुसार न्यायसंगत छ भन्ने प्रमाणित गर्ने दायित्व अनुसन्धान सदाचार समितिको हुनेछ । अनुसन्धान सदाचार समितिले गरेको ठहरको विरुद्ध कानूनी उपचार खोज्ने दायित्व प्रतिवादीको हुनेछ ।

७.१८ प्रमाण ग्राह्य हुने आधार -

७.१८.१ सुनुवाइमा प्रस्तुत भएका प्रमाण प्रवेशयोग्य हुन् कि होइनन् भन्ने कुराको निर्णय पुनरावेदन न्यायाधीशले गर्नेछ ।

७.१८.२ यस कार्यविधिमा उल्लेख भएका प्रावधानबाहेक प्रमाणसम्बन्धी प्रचलित कानूनभित्र रहन आवश्यक हुनेछैन । तर पुनरावेदन न्यायाधीशले चाहेमा प्रमाणको अयोग्यता लगायतका विषयमा निर्णय लिन प्रचलित कानूनको प्रयोग गर्न सक्नेछन् ।

७.१८.३ स्पष्ट रूपमा असान्दर्भिक देखिएका वा दोहरिएका प्रमाण बाहेक अरू सबै प्रमाणलाई पुनरावेदन न्यायाधीशले मुद्दामा प्रवेश गराउनुपर्नेछ । प्रवेशयोग्य प्रमाणको हकमा पनि यदि कुनै प्रमाणको प्रामाणिक मूल्य (probative value) भन्दा त्यसबाट अनुचित पूर्वाग्रह, विषयमा भ्रम वा प्रमाणको अनावश्यक थुप्रोले हुने विलम्ब हुनगई क्षतिको जोखिम बढी भएको भन्ने लागेमा पुनरावेदन न्यायाधीशले त्यस्तो प्रमाणलाई प्रवेश नगराउन सक्नेछ ।

७.१८.४ वकिल-झगडिया विशेषाधिकार (Attorny-client privilege) ले वा अन्य कानूनले संरक्षित गरेका सामग्रीलाई मुद्दामा प्रवेश गराउने सकिनेछैन ।

७.१८.५ मुद्दाको विषयमा पुनरावेदन न्यायाधीश आफैंले वा पक्षले अनुरोध गरेमा देहाय बमोजिम कुनै सुस्थापित तथ्यलाई न्यायिक अंगीकार (judicial notice) गराउन सक्नेछन्:

(क) स्थापित प्राविधिक, वैज्ञानिक र व्यापारिक तथा स्थापित भएका कुनै अन्य विषयबस्तु;

(ख) कुनै विषयबस्तुलाई न्यायिक अंगिकार गरिएमा पुनरावेदन न्यायाधीशले मुद्दाका पक्षहरूलाई त्यसको सूचना र प्रतिवाद गर्ने अवसर दिनुपर्नेछ ।

७.१८.६ मुद्दासँग सम्बन्धित नभएका कार्य, गल्ती वा अपराधकार्य मुद्दासँग सान्दर्भिक नभएसम्म मुद्दामा प्रवेशयोग्य हुनेछैन । मुद्दासँग सान्दर्भिक भए नभएको बारे पुनरावेदन न्यायाधीशको निर्णय अन्तिम हुनेछ ।

७.१८.७ सुनिजानेको प्रमाणको हकमा कुनै पक्षले प्रतिवाद गरी भरपर्दो नभएको भनी देखाएका बाहेक बाँकी प्रमाणलाई प्रवेश गराउनुपर्नेछ ।

७.१८.८ कुनै पनि पक्षले प्रतिदाबीको लागि नयाँ प्रमाण र साक्षी प्रस्तुत गर्न पाउनेछन् ।

University Grants Commission

७.१८.९ मुद्दाको सुनुवाइमा प्रस्तुत भएका सबै कागजात र प्रमाणहरू पुनरावेदन न्यायाधीशले कुनै मनासिब कारण प्रस्तुत गरी बन्देज लगाएको अवस्थामा बाहेक दुवै पक्षले जाँच्न पाउनेछन् ।

७.१८.१० पुनरावेदन न्यायाधीशले कुनै प्रमाण बन्देज गरेको अवस्थामा प्रमाण पेश गर्ने पक्षले नयाँ प्रमाण समावेश गर्न पाउँ भनी प्रस्ताव पेश गर्न सक्नेछन् । यस्तो प्रस्तावलाई पुनरावेदन न्यायाधीशले सुनुवाइको अभिलेखमा समावेश गर्नुपर्नेछ । प्रस्तावित प्रमाण अन्तर्गत दसीप्रमाण छन् भने पुनरावेदन न्यायाधीशले त्यसको सनाखत गरी सुनुवाइको अभिलेखमा राख्नुपर्नेछ । तर पुनरावेदन न्यायाधीशले फैसला गर्दा पुनरावेदन न्यायाधीशले प्रवेशको अनुमति दिएका प्रमाणको आधारमा मात्र गर्न सक्नेछ ।

७.१९ सुनुवाइ -

७.१९.१ प्रतिवादीले अनुसन्धान अनाचरण गरे नगरेको र सिफारिस गरिएको प्रशासनिक कारवाही उचित भए नभएको ठहर गर्नको लागि पुनरावेदन न्यायाधीशले मुद्दाका पक्षहरूको उपस्थितिमा सुनुवाइको आयोजना गर्नेछन् ।

७.१९.२ अनुसन्धान सदाचार समितिले गरेको अनुसन्धान अनाचरणसम्बन्धी ठहर र प्रशासनिक कारवाहीको सिफारिसमाथि पुनरावेदन न्यायाधीशले ताजा पुनरावलोकन गर्नेछ । शैक्षिक/अनुसन्धान संस्थाले प्रयोग गरेको कार्यविधि र ठहर तथा अनुसन्धान सदाचार समितिले प्रयोग गरेको कार्यविधिमाथि पुनरावलोकन गरिनेछैन ।

७.१९.३ यस खण्डको सुनुवाइको प्रयोजनको लागि अभियोगपत्रमा उल्लेख गरिएको आरोप र प्रमाण तथा प्रतिवादीले पुनरावेदन सुनुवाइको लागि गरेको याचिकामा सीमित रहन आवश्यक छैन । मुद्दामा पक्षहरूले निम्नलिखित अवस्थाका बाहेक अन्य थप प्रमाण र सूचना पेश गर्न सक्नेछन्:

(क) वकिल-झगडिया विशेषाधिकार वा कुनै कानूनले संरक्षित गरेको;
(ख) दफा ७.१६ र ७.१८ अन्तर्गत निषेध गरिएको;
(ग) दफा ७.१३ अनुसारको म्यादभित्र प्रस्तुत नगरेको ।

७.१९.४ सुनुवाइमा प्रथम प्रस्तुति अनुसन्धान सदाचार समितिको हुनेछ ।

७.१९.५ दुवै पक्षले बहस प्रस्तुत गरिसकेपछि ७.१३ अन्तर्गत विनियम नगरिएको भए पनि प्रतिवादमा प्रस्तुत गर्न चाहेको प्रमाण पेश गर्न सक्नेछन् ।

७.१९.६ दफा ७.१४.३ को अवस्थामा बाहेक, पक्षहरू आफैं वा पक्षले लिखित रूपमा तोकेका वकिल सुनुवाइमा उपस्थित हुनुपर्नेछ ।

७.१९.७ कुनै मनासिब कारण प्रस्तुत भई पुनरावेदन न्यायाधीशले सुनुवाइलाई बन्द इजलासको रूपमा गर्न आदेश दिएको अवस्थामा बाहेक सुनुवाइ खुला इजलासमा गर्नु पर्नेछ । बन्द इजलास हुँदा पनि पक्षहरू, पक्षका प्रतिनिधिहरू, पक्षले मुद्दाको सुनुवाइमा आवश्यक भई उपस्थित गराउन चाहेका व्यक्ति र विशेषज्ञ साक्षीहरूलाई सुनुवाइमा उपस्थित हुन दिनुपर्नेछ ।

७.२० फैसला -

७.२०.१ मुद्दाका पक्षहरूबाट अन्तिम बहस वा अन्तिम टिपोट पेश भएको ६० दिनभित्र पुनरावेदन न्यायाधीशले मुद्दाको अन्तिम फैसला र कुनै कानूनको व्याख्या भए सोसमेत राखी लिखित रूपमा जारी गर्नेछ । ६० दिनको म्यादभित्र काम नसकी म्याद थप्नुपर्ने भए नयाँ म्यादको सूचना मुद्दाका पक्ष, अनुसन्धान परिषद्, आयोग र बन्देजको कुनै निर्णय समीक्षामा रहेको भए सम्बन्धित अधिकारीलाई समेत जानकारी दिनु पर्नेछ । पुनरावेदन न्यायाधीशले अन्तिम फैसलाको एक प्रतिलिपि मुद्दाका पक्षहरू, अनुसन्धान परिषद् र आयोगलाई उपलब्ध गराउनुपर्नेछ ।

University Grants Commission

७.२०.२ पुनरावेदन न्यायाधीशले गरेको फैसला यस कार्यविधि अन्तर्गतको अन्तिम प्रक्रिया हुनेछ ।

७.२१ अभिलेख -

७.२१.१ अनुसन्धान परिषद्ले सुनुवाइको अभिलेख र बयानको लिखित प्रतिलिपि राख्नुपर्नेछ र पक्षहरूले त्यसको प्रतिलिपि चाहेमा नि:शुल्क दिनुपर्नेछ ।

७.२१.२ सुनुवाइमा पेश गरिएका दसीप्रमाण, बयानको लिखित प्रतिलिपि र अन्य प्रमाणहरू र मुद्दाको लागि पेश गरिएका कागजात र लिखतहरूलाई फैसलाको प्रयोजनको निम्ति मुद्दाको अभिलेख मानिनेछ ।

७.२१.३ पुनरावेदन न्यायाधीशले मनासिब कारणले कुनै पनि कागजातको कुनै अंश नदेखिने गराउन कालो मसीले पोती अभिलेख वा प्रतिलिपि राख्न लगाउन सक्नेछ ।

७.२१.४ मुद्दाको फैसला भइसकेपछि न्यायिक समीक्षामा नरहेका कागजातका सक्कलहरू मुद्दाका पक्षहरू वा सम्बन्धित संस्थाहरूले अनुरोध गरेमा समितिले सुपुर्दगी गर्न सक्नेछ ।

७.२२ अन्य कानूनी उपचार खोज्न बाधा नपर्ने -

यस कार्यविधि अन्तर्गतको अन्तिम फैसलामा चित्त नबुझ्ने पक्षलाई अन्य न्यायिक निकायमा कानूनी उपचारको निम्ति उजुर प्रस्तुत गर्न यो कार्यविधिले बाधा पुऱ्याउने छैन ।

----------------

University Grants Commission